कम्पनी ऐन २०६३ अन्तर्गत संस्थापित र संचालित

**माबिलुङ्ग इनर्जी लिमिटेड**

**Mabilung Energy Limited**

**माथिल्लो पिलुवाखोला-३ जलविद्युत आयोजना (४.९५मे.वा.)**


रजिष्टर्ड कार्यालय: ललितपुर-१०, नेपाल ।

फोन नं :०१-५४२९१७६

इमेल: mabilung@gmail.com, वेभसाइट: www.mabilung.com


को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.३८,५८,२४,०००/-(अक्षरुपी अड्तीस करोड अन्ठाउन्न लाख चौविस हजार रुपैंया मात्र) को ४८.९९९८% अर्थात रु.१८,९०,५३,०००/- (अक्षरुपी अठार करोड नब्बे लाख त्रिपन्न हजार रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका १८,९०,५३० (अक्षरुपी अठार लाख नब्बे हजार पाँच सय तीस मात्र) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरिने छ । जसमध्ये यस विवरण मार्फत जारी पूँजीको १०% अर्थात रु.३,८५,८२,४००/- (अक्षरुपी तीन करोड पचासी लाख बयासी हजार चार सय रुपैया मात्र) रकम बराबरको रु.१००/-अंकित दरका ३,८५,८२४ (अक्षरुपी तीन लाख पचासी हजार आठ सय चौबिस मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)क्षेत्र अर्थात संखुवासभा जिल्लाको मादि नगरपालिका वडा नं ५,६,७,८,९ र चैनपुर नगरपालिका वडा नं.२,३,७,८,९ मा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुको निमित्त तपशिल बमोजिम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिएको छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात बाँकी सर्वसाधारणलाई रु.१५,०४,७०,७००/- (अक्षरुपी पन्ध्र करोड चार लाख सत्तरी हजार सात सय रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १५,०४,७०६ कित्ता शेयरमध्ये १,५०,४७१ कित्ता (१० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि ३०,०९५ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र ७५,२३६ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १२,४८,९०४ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको ।

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | चैत्र मसान्त २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | ९९.८४ | १०४.३७ | १०५.९० | १०६.९५ | १०२.९२ | १११.५९ | १२२.४९ |
| **प्रति शेयर आम्दानी (रु.)** | - | ४.५० | १.५२ | १.०५ | (०.०८) | ८.६७ | १०.८९ |
| **संचित नाफा/(नोक्सानी)** | (२५६.६१) | ८,६०७.८६ | ११,६०४.९१ | १२,४२२.०० | ११,२७८.३२ | ४४,७३५.०७ | ८६,७६७.२९ |

| आयोजनाको नाम | कुल अनुमानित लागत रकम करोडमा (रु.) | प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | (IRR) |
|---|---|---|---|---|---|---|
| माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना उत्पादन क्षमता ४.९५ मे.वा. | रु. ११३.६० | रु.२२.९५ | अनुमति पत्र बहाल रहने अवधि मिति २०७७/०४/०९ देखि २११२/०४/०८ सम्म रहेकोले ३१ वर्ष बाँकी रहेको छ । | ९.४३ वर्ष | १७.०९ वर्ष | ११.७१ % |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग(८) (पृष्ठ नं. २२-२३)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको छ । यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रलाई स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**बिक्री वा हस्तान्तरण गर्न नपाईने**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागी छुट्याइएको शेयर सम्पुर्ण बिक्री नभए बराबरको शेयर सर्वसाधारणलाई मात्र निष्काशन गरिनेछ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण:**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ जुलाई ०१ गते “[ICRANP-IR] B+” प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (High risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा - (घटाउ) चिन्हलेसम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक अवस्थालाई जनाउँदछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ट)(**पृष्ठ नं. ५८**) उल्लेखि गरिएको छ ।

**इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/०७/०१ (२०८२।०३।१७)** **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/०६/२६ (२०८३।०३।१२)**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: २०८२/०३/०१ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८२/०३/१०

विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मिति:२०८०।०६।०९

**धितोपत्र निष्काशन खुल्ला हुने मिति :**

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि | विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि |
|---|---|
| निष्काशन खुल्ला हुने मिति: २०८२/०३/२२<br>निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/०४/०४(बैंकिङ्ग समय पश्चात)<br>निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/०४/१९(बैंकिङ्ग समय पश्चात) | निष्काशन खुल्ला हुने मिति: २०८२/०३/२२<br>निष्काशन बन्द हुने मिति: २०८२/०४/०४ (बैंकिङ्ग समय पश्चात) |

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक**

**(100% Subsidiary of Laxmi Sunrise Bank Limited)**

**लक्ष्मी सनराइज क्यापिटल लिमिटेड**

पो.ब.नं. ८४४९, नयां बानेश्वर, काठमाडौं, फोन नं.–०१५९७००६४फ्याक्स नं.–४७८०५८३

Email : info@lscapital.com.np, URL: www.lscapital.com.np

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी माबिलुङ्ग इनर्जी लिमिटेड, ललितपुरलाई सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको विवरण पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्छ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले माबिलुङ्ग इनर्जी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) "स्थानियवासी"भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात संखुवासभा जिल्लाको मादि नगरपालिका वडा नं ५,६,७,८,९ र चैनपुर नगरपालिका वडा नं.२,३,७,८,९ मा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

(ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

ठ) "प्रतिशेयर नेटवर्थ" भन्नाले नेटवर्थलाई कम्पनी वा संस्थामा रहेको जम्मा शेयर संख्याले भाग गर्दा आउने प्रतिफल सम्झिनुपर्दछ।

ड) "प्रति शेयर आम्दानी" भन्नाले कम्पनीले गरेको खुद आम्दानीलाई कायम रहेको शेयर संख्याले भाग गर्दा आउने मूल्यलाई सम्झनु पर्दछ ।

ढ) "साधारण लगानीमा फिर्ता हुने अवधि" भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझिन्छ ।

ण) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले परियोजनाको लाभ निर्धारण गर्नको लागि गरिने एक पूँजी बजेट प्रक्रिया डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि हो । यो परियोजनाको सम्भाव्यता र नाफा मूल्याङ्कन गर्न प्रयोग गरिन्छ ।

त) "खुद सम्पति" " भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्दछ ।

थ) "वैदेशिक रोजगारीमा रहेका नेपाली" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई जनाउँदछ ।

द) "विप्रेषण (रेमिटयान्स् बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्बचत खाता सम्झनुपर्छ ।

ख.२.**विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगानाः |
| --- | --- |
| १. | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयां बानेश्वर, काठमाडौं, वेवसाइटःwww.lscapital.com.np, फोन नं. ५९७००६४ |
| २. | माबिलुङ्ग इनर्जी लिमिटेड, ललितपुर-१०, इमेलः mabilung@gmail.com, वेभसाइटःwww.mabilung.com |
| ३. | स्वीकृत विवरण–पत्र नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ। |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान** |
| १. | **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**<br>आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन तथा बिक्री प्रवन्धकले तोकेको आयोजना प्रभावित जिल्लाका बैंक तथा वित्तीय संस्थाहरु,<br>१.ग्लोबल आइएमई बैंक,चैनपुर ,<br>२.हिमालयन बैंक लिमिटेड, मादि नगरपालिका<br>३.लक्ष्मी सन्राइज बैंक लिमिटेड,खाँदबारी<br>४.आयोजनाको पावरहाउस रहेको संखुवासभा जिल्ला, मादि नगरपालिमा वडा नं.७<br>आवश्यकता अनुसार स्वीकृती लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।<br>आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ। |
| २. | **बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणको हकमा :**<br>नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई माबिलुङ्ग इनर्जी लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा ऐन तथा नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) दफा ग.२४(**पृष्ठ नं. ६१**) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस माबिलुङ्ग इनर्जी लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र ,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरण(पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व.०८०/८१ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.घ.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५.यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. <u>संगठित संस्था सम्बन्धी जानकारी :</u>**

**ग.३.क. <u>संगठित संस्थाको पृष्ठभूमि</u>**

**(क) संगठित संस्थाको नामः** माबिलुङ्ग इनर्जी लिमिटेड (Mabilung Energy Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर वडा नं. १०, कुपण्डोलमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई स्वदेश तथा विदेशमा पनि शाखा कार्यालय खोल्न वा मूल कार्यालय सार्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्रः** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा जिल्ला, मादि नगरपालिमा वडा नं.७ मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

<u>कम्पनीको स्थापना कालदेखि हालसम्मको /संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।</u>

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमिहरु मिलेर मिति २०७१/१०/१२ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा माबिलुङ्ग इनर्जी प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता विस्तार गर्ने हेतुले मिति २०७६/११/१२ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई माबिलुङ्ग इनर्जी लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

२. हाल यस कम्पनीमा १५ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, बिमा, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले संखुवासभा जिल्लाको माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाबाट ४.९५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमतिपत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७७।०४।०९ गतेका दिन प्राप्त गरेको हो।

४. कम्पनी र प्राधिकरण बीच मिति २०७५।१२।१२ मा माथिल्लो पिलुवाखोला–३ खोला जलविद्युत आयोजना ४.९५ मे.वा. को लागि खरिद बिक्री सम्झौता (PPA) सम्पन्न भएको थियो । यस आयोजनाले व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) ४.९५ मे.वा.को मिति २०८०।११।१४ गते तोकिएको थियो । मिति २०८०/११/१६ गते यस कम्पनी र नेपाल विधुत प्राधिकरण विच गठन भएको समन्वय समितिको बैठकको माईन्युटले आयोजनाको नयाँ (RCOD) मिति २०८१/११/१३ कायम गर्न सिफारिस गर्ने निर्णय भएको थियो । उक्त मितिमा आयोजनाको व्यापारिक उत्पादन सुरु हुन नसकेकाले कम्पनीले हासिल गरेका उपलब्धि र आयोजना प्राविधिकको सल्लाह बमोजिम संचालक समितिको बैठकको निर्णयले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (Expected Commercial Operation Date – COD) २०८२/०३/१५ गते कायम गरेको र समयमा विद्युत उत्पादन गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

५. माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना ४.९५ मे.वा.को मिति २०७७।०४।०९ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र पत्र संख्या :(वि.वि.वि. ०७७/०७८ वि.उ.१२५)प्राप्त भएको तथा मिति २०७९।०६।०६मा अनुमतिपत्र संख्या :(वि.वि.वि. ०७९/०८० वि.उ.३३० को पहिलो संशोधन) भएको हो र उक्त अनुमतिपत्र मिति २११२।०४।०८. गते सम्म बहाल रहनेछ ।

६. यस माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत रु. ११३.६० करोड/-हुने अनुमान रहेको छ साथै २०८१/८२ लाई आधार बर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.४३ वर्ष रहने अनुमान रहेको छ ।

७. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको निर्माण कार्य ९७ प्रतिशत सम्पन्न भइसकेको छ यस आयोजना सम्बन्धि विस्तृत विवरण निम्नानुसार रहेको छ ।

**आयोजना सम्बन्धि विवरण :**

यस आयोजनाको विवरणहरु निम्नानुसार रहेको छन् :

- **आयोजनाको नाम र कुल जलविद्युत उत्पादन क्षमता:** माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना उत्पादन क्षमता ४.९५ मे.वा.
- **आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति :** माथिल्लो पिलुवाखोला–३ **खोला जलविद्युत आयोजना ( ४.९५मे.वा.) को मिति** २०७७।०४।०९ **मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र पत्र संख्या :**(वि.वि.वि. ०७७/०७८ वि.उ.१२५)**प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति** २११२।०४।०८. **गते सम्म बहाल रहनेछ ।**
- **विद्युत उत्पादन अनुमती बहाल रहने मिति तथा अवधि :** माथिल्लो **पिलुवाखोला–३ जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति** २०७७।०४।०९ **देखि** २११२।०४।०८**गते सम्म रहेको छ ।**
- **आयोजनाको कुल लागत** : माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना को कुल अनुमानित लागत रु. १,१३,६०,००,०००/-रहेको छ ।
- **आयोजनाको प्रति मेगावाट लागत :**संगठित संस्थाको अनुमानित लागत अनुसार प्रति मेगावाट औसत लागत रु.२२.९५ करोड रहेको छ ।
- **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal pay back period):** माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको साधारण लगानी फिर्ता हुने अनुमानित अवधी (Normal pay back period) ९.४३ वर्ष रहेको छ ।
- **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted pay back period)** : माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अनुमानित अवधी (Discounted Pay back period): १७.०९ वर्ष रहेको छ ।
- **Equity IRR:** ६.७१%
- **संशोधित व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति [Amended Required Commercial Operation Date (RCOD)]:** २०८१ साल फाल्गुण १३ गते ।
- **व्यापारिक विद्युत उत्पादन सुरु गर्न सकिने मिति (Expected Commercial Operation Date – COD)** २०८२/०३/१५ गते ।

**आयोजनाको प्रसारण लाइन सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ :**

| | |
|---|---|
| प्रसारण लाईनको दुरी | १४ कि.मी |
| प्रसारण लाईन जोडिने नेपाल विद्युत प्राधिकरणको सबस्टेशन | ने.वि.प्रा.बानेश्वर सबस्टेशन, संखुवासभा |
| खम्बा (Pole) को संख्या | ३५१ वटा |
| भोल्टेज लेभल | ३३ के.भी. |
| निमार्ण प्रगति प्रतिशत | ९५ प्रतिशत |
| प्रसारण लाईन सम्बन्धी अनुमति विवरण | |
| सर्भेक्षण अनुमतिपत्र को जारी | २०७७।०५।०७ |
| उत्पादन अनुमतिपत्र को बहाल रहने अवधि | २०८०।०९।०२ देखि २१०५।०९।०१ |

**प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा भएका मुख्य-मुख्य बुँदाहरुः**

- यो आयोजना तल्लो उष्ण प्रदेशीय जलवायु क्षेत्रमा पर्दछ । यस आयोजनाको उचाई समुन्द्र सतह देखि १०२७ देखि ११४० मिटर रहेको छ । यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार तल्लो उष्ण प्रदेशीय क्षेत्रमा रहेको छ ।
- यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार तल्लो उष्ण प्रदेशीय क्षेत्रमा रहेको छ । बोट बिरुवामा उच्च विविधता रहेको छ । उत्तिस, चिलाउने, कटुस, आकुरी कोइरालो, जामुन, मौवा, सिमल आयोजना क्षेत्रमा पाउने मुख्य रुखका प्रजाति हुन ।
- आयोजनाका प्रस्तावित संरचनाहरु नेपाल सरकारको राष्ट्रिय वन क्षेत्र, सामुदायिक वन, बाँझो जमिन र निजि जमिनमा पर्दछन।
- आयोजनाले निमार्ण गर्ने संरचनाहरु निर्माण गर्न सरकारी जग्गामा कूल १४० वटा रुख कटान गर्नुपर्ने देखिन्छ ।
- आयोजनाको लागि कुल ५.३९ हेक्टर जमिन आवश्यक पर्ने देखिन्छ जसमा १.४६७३ हे सरकारी जमिन र ३.९२२७ हे. जमिन निजि स्वामित्वको पर्दछ ।

- कम्तिमा १०% पानि तल्लो तटिए क्षेत्रमा छोडिने छ ।
- आयोजनाले प्रयोग गरेको जग्गा, बालि नालिमा पुग्न गएको हानि नोक्सानि आदिको कम्पनीले स्थानिय बासिन्दालाई क्षतिपूर्ति उपलब्ध गराउनेछ ।
- **वातावरणीय प्रभावहरु**

१. सकारात्मक प्रभाव :

- यस आयोजनाबाट आयोजना क्षेत्रमा प्रभाव पर्न सक्ने सकारात्मक प्रभावहरुमा १३७ व्यक्तिहरुलाई रोजगारी, आर्थिक वृद्धि, प्राविधिक सिप तथा दक्षतामा वृद्धि, जलविद्युत निर्माण र आयेजना स्थल वरपर वनस्पति र हरियालीको विकास रहेका छन् । त्यस्तै यस आयोजनाले चालु अवधिमा १७ व्यक्तिहरुलाई रोजगारी , वार्षिक कुल २८.४१ गिगाववाट आवर जसमा सुख्खायाममा ४.९० गिगावाट आवर र वर्षायाममा २३.५१ गिगावाट आवर उर्जा उत्पादन हुन्छ ।

२. नकारात्मक प्रभाव :

- यस आयोजनाले पार्न सक्ने प्रमुख भौतिक वातावरणीय प्रभावमा भू- उपयोगमा परिवर्तन हुन् ।
- त्यस्तै निमार्णको क्रममा तेल, मोबिल, ग्रिज ईन्धन तथा अन्य तरल पदार्थको चुहावट, जमिनको अस्थिरता, भू-क्षय, प्राकृतिक जल प्रवाहमा परिवर्तन आदि ।
- जैविक वातावरणमा पर्ने मुख्य असरमा १४० वटा रुख काटिनु हो । त्यस्तै अन्य प्रभावमा वन्यजन्तुको बासस्थान तथा आवतजावतमा बाधा, जलचर प्राणिको बासस्थान तथा आवतजावतमा अवरोध हुने हुनसक्छ ।
- सामाजिक प्रभावअर्न्तगत खेतियोग्य जमिनको विनास, खोलामा पानीको बहाव घट्नाले स्थानियलाई पार्ने प्रभाव र सार्वजानिक सेवा र संरचनामा दबाब बढ्न सक्ने मुख्य सामाजिक असरहरु हुन् ।
- वातावरणीय न्यूनीकरण लागतको लागत सारांशः

| | निर्माण चरण | संचालन चरण | जम्मा |
|---|---|---|---|
| भौतिक वातावरण | ५,५०,००० | ३,५०,००० | ९,००,००० |
| जैविक वातावरण | १५,५०,००० | ४,००,००० | १९,५०,००० |
| सामाजिक आर्थिक र सांस्कृतिक वातावरण | १,७४,१९,००० | ५,००,००० | १,७९,१९,००० |
| **जम्मा** | **१,९५,१९,०००** | **१२,५०,०००** | **२,०७,६९,०००** |

- सामाजिक न्यूनीकरणको सारांश सामुदायिक सहयोग कार्यक्रम सहितको लागत रु.६५,००,०००/- छ ।

**आयोजनाको अनुमति वहाल रहने अवधि समाप्त भए पश्चात् आयोजनाको हस्तान्त्रण सम्बन्धि योजनाः**

आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्रदान मिति २०७७/०४/०९ रहेको छ । उत्पादन अनुमतिपत्र बहाल रहने मिति २११२/०४/०८ गते रहेको छ । उत्पादन अनुमतिपत्रको बाँकी अवधि ३० वर्ष रहेको छ । अनुमतिपत्रको अवधि समाप्त भए पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ तत्पश्च्यात आयोजना मर्मत तथा संचालनको पूर्ण जिम्मा नेपाल सरकारको हुनेछ तर यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार गरेको हुनाले कम्पनीको अस्तित्व नियमानुसार कायम नै रहनेछ । कम्पनीमा लगानी गरेका शेयरधनीहरु कम्पनीकै शेयरधनीहरुका रुपमा रहिरहनेछन् । कम्पनीले आफ्नो आम्दानीबाट अन्य आयोजनामा समेत लगानी गर्न सक्ने भएकाले एक भन्दा बढी आयोजनाबाट प्रतिफल लिई कम्पनीले आफ्ना शेयरधनिलाई निरन्तर प्रतिफल दिन सक्नेछ । भविष्यमा कम्पनीले गर्न सक्ने लगानी सम्बन्धि विवरण कम्पनीका संचालकहरु र साधारणसभाबाट शेयरधनीहरुको उपस्थितिले तय गर्ने भएकोले शेयरधनीलाई लगानी निर्णयमा उचित जानकारी मिल्नेछ ।

**आयोजना निर्माणमा ढिलाई हुन गएका कारणहरु**

(क) २०८० साल असार ०२ गते संखुवासभा जिल्लाको पिलुवाखोला र हेवाखोलामा परेको वर्षाका कारण औषत १०० बर्षमा आउने बाढि भन्दा बढि बाढि आएकाले पिलुवाखोला माथिको पक्की RCC पुल बगाएको र हेवा खोला माथिको पुल समेत बगाएको थियो । समयमा सरकारी स्तरबाट समयमा पुन निर्माण हुनु पर्ने पिलुवाखोला माथिको पक्की RCC पुल पुन निर्माण नभएका कारणले २०८१ को जेठ, आषाढ, श्रावण, भाद्र, असोज र कात्तिक महिनामा आयोजनाको काम गर्न कठिन भएको । साथै नेपाल विद्युत प्राधिकरणबाट १ वर्षको RCOD को म्याद नपुग भएको ।

(ख) वन सम्बन्धि विभिन्न निकायबाट रुख छपान र कटानको स्वीकृति पक्रिया समयमा हुन नसकेकोले Penstock Pipe Alignment मा पर्ने ४०० मिटर Penstock Pipe निर्माणको कार्य ढिला हुन गएको ।

(ग) वन सम्बन्धि विभिन्न निकायबाट रुख छपान र कटानको स्वीकृति पक्रिया समयमा हुन नसकेकोले ४ कि.मि बन क्षत्र पर्ने Transmission Line बैकल्पिक निजि जग्गाबाट निर्माण गर्नु परेको ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्**

- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको ७.३ कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैयाँ

असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि -व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामाCOD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामाCOD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामाCOD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईने छैन ।

थप गरिएको २.३ कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि -व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामाCOD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामाCOD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामाCOD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामाCOD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy)को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिणामसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ । तर कनेक्सन एग्रिमेन्टको Minutes of Meetings को बुँदा नं.१२ को अवस्था आईपरेमा ईश्वी आर्थिक वर्ष २०१८।१९ देखि २०२९।३० सम्मको अवधिमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्ने छैन ।
- कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी)प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :
  क्षतिपूर्ति रकम रु.
  =[०.८ x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा– सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा– सोही अवधीमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर,
  यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन ।
  प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।

- **आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**
  माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजना उत्पादन क्षमता ४.९५ मे.वा.को विवरण :

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी(kWh) | ४,९०१,८८२ |
| बर्षा यामको कूल इनर्जी(kWh) | २३,५१५,१९८ |
| **जम्मा वार्षिक इनर्जी (kWh)** | **२८,४१७,०८०** |

PPA बमोजिमको Enegy Table निम्नानुसार रहेको छ :

**Table -I**

| | |
|---|---|
| Installed Capacity (kW): 4950 | Rated Turbine Efficiency: 90% |
| Design Discharge ($m^3$/Sec): 5.02 | Rated Generator Efficiency: 96% |
| Min Release ($m^3$/Sec) : 0.117 | Rated Transformer Efficiency: 99% |
| Gross Head (m) : 121.10 | Combined Efficiency: 85.54% |
| Outage + Losses +Self Consumption (%) 5% | |

**Table -II**

| Month | No. of Days (A) | Available Dis-charge (B) | Dis-charge for Power Generation ($m^3/s$) (C) | Net Head (D) | Average Power (KW ) (E) | Maximum Power (KW) (E1) | Monthly Generation before outagae & losses (kWh) (F) | Outage Including Losses (kWh) (G) | Contract Energy (kWh) (H=F-G) |
|---|---|---|---|---|---|---|---|---|---|
| Baisakh (Apr/May) | 31 | 1.78 | 1.66 | 119.67 | 1,683 | 1860 | 1,239,927 | 61,996.35 | 1,177,931 |
| Jestha (May/Jun) | 31 | 4.31 | 4.20 | 117.02 | 4,162 | 4558 | 3,065,277 | 153,263.85 | 2,912,013 |
| Ashadh (Jun/Jul) | 32 | 10.90 | 5.02 | 115.67 | 4,921 | 4921 | 3,741,904 | 187,095.20 | 3,554,809 |
| Shrawan (Juy/Aug) | 31 | 20.33 | 5.02 | 115.67 | 4,921 | 4921 | 3,624,969 | 181,248.45 | 3,443,721 |
| Bhadra (Aug/Sep) | 31 | 21.33 | 5.02 | 115.67 | 4,921 | 4921 | 3,624,969 | 181,248.45 | 3,443,721 |
| Ashwin (Sep/Oct) | 31 | 12.34 | 5.02 | 115.67 | 4,921 | 4921 | 3,624,969 | 181,248.45 | 3,443,721 |
| Kartik (Oct/Nov) | 30 | 5.92 | 5.02 | 115.67 | 4,921 | 4921 | 3,508,035 | 175,401.75 | 3,332,633 |
| Mangsir (Nov/Dec) | 29 | 3.48 | 3.37 | 118.14 | 3,371 | 3702 | 2,322,789 | 116,139.45 | 2,206,650 |
| Poush (Dec/Jan) | 30 | 2.74 | 2.62 | 118.93 | 2,643 | 2910 | 1,884,105 | 94,205.25 | 1,789,900 |
| Magh (Jan/Feb) | 29 | 2.13 | 2.01 | 119.43 | 2,038 | 2249 | 1,404,495 | 70,224.75 | 1,334,270 |
| Falgun (Feb/Mar) | 30 | 1.65 | 1.53 | 119.74 | 1,555 | 1719 | 1,108,228 | 55,411.40 | 1,052,817 |
| Chaitra (Mar/Apr) | 30 | 1.17 | 1.05 | 119.96 | 1,070 | 1188 | 763,048 | 38,152.40 | 724,896 |
| **Gross Total** | **365** | | | | | | **29,912,715** | **1,495,636** | **28,417,079** |

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा**

  विद्युत खरिद बिक्री सम्झौतामा कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (COD) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समय मै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (COD)

  नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोही समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निमार्ण एंव अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिई सकेपछि साइटको संयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएका:

  क. आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणिकरण
  ख. Black Start परिक्षण
  ग. उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति( RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।
  यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रु.=०.०५ x कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको कर्जा x व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर ।
प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ । कनेक्सन एग्रिमेन्टको Minutes of Meetings को बुँदा नं.११ को अवस्था आइपरेमा ने.वि.प्रा.ले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्ने छैन ।

- **विद्युत खरिद बिक्री**

  काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरीद गर्नु पर्नेछ । काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरीद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधार (Prorata Basis) मा निर्धारण गरिनेछ । कम्पनीले पनि आयोजनबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्ट सम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ ।
  आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति विना अन्य निकायलाई बिक्री गर्न वा यस्तो अधिकार सुम्पिन पाइने छैन ।
  आयोजनाको परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा वापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानी गर्नुपर्ने छैन ।

**निर्माणाधिन आयोजनाको प्रगती विवरण**

आयोजनाको हालको भौति निर्माण अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.न. | विवरण | कार्यहरु | प्रगति विवरण प्रतिशत |
|---|---|---|---|
| **१.** | **आधारभूत निर्माण कार्य** | | |
| १.१ | प्रवेश मार्ग | ४.५ कि. मि. निर्माण सम्पन्न | १०० % |
| १.२ | सिभिल संरचना | हेड वर्कस्, सर्ज ट्याङ्क, पाईपलाईन, पावरहाउस निर्माण कार्य | ९७ % |
| **२.** | **सिभिल कार्यहरु** | | |
| २.१ | हेड वर्कस् कार्यहरु | बाँध, अण्डर स्लुईस, इन्टेक, डिसेन्डिङ्ग बेसिन | ९९ % |
| २.२ | पेनस्टक र पावर हाउसका कार्यहरु | पावरहाउस निर्माणको मुख्य संरचनाहरु सम्पन्न भएको | ९८ % |
| २.३ | हेडरेस अलाईनमेन्ट | एक्साभेसन, एन्कर ब्लक, पाईप पुर्ने कार्य | ९६ % |
| **३.** | **हाइड्रो मेकानिकल कार्य** | | |
| ३.१ | हेड वर्कस् | गेट फ्रेम इन्सटलेसन, गेट फेब्रीकेशन, उपलब्धता | ९६% |
| ३.२ | एडिट गेटस् | आवश्यक नभएको | |
| ३.३ | पावर हाउस | | ९२ % |
| ३.४ | स्टिल लाइनिङ, प्रेसर शाफट एण्ड सर्ज शाफट | | ८८ % |
| **४.** | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| ४.१ | मेशिन तथा उपकरण उपलब्धता तथा डेलिभरी | जेनेरेटर, टर्बाइन, ट्रान्सफर्मर, इ.ओ.टी. क्रेन, को उपलब्धता | १०० % |
| ४.२ | मेशिन तथा उपकरण जडान | | ८५ % |
| **५.** | **ट्रान्समिसन लाइन** | सबै पोलको उपलब्धता भई, पोल गाड्ने कार्य सम्पन्नको अन्तिम चरणमा रहेको छ । | ९५ % |
| | | **कुल सम्पन्न** | **९७ %** |

**संगठित संस्थाको माथिल्लो पिलुवाखोला–३ खोला जलविद्युत आयोजना (४.९५ मे.वा.) को संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

| | |
|---|---|
| आयोजना स्थल | : मादि र चैनपुर नगरपालिका, संखुवासभा |
| श्रोत नदी | : पिलुवाखोला र सिखुवाखोला |
| आयोजनाको किसिम | : रन अफ रिभर |
| डिजाइन डिस्चार्ज | : ५.०२ घ.मि.प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी | : २८.४१७ **(GWh)** |
| आयोजनाको उत्पादन क्षमता | : ४.९५ मे.वा. |
| ग्रस हेड | : १२१.१ मि. |
| डाइभर्सन बाँध | : २५ मिटर लम्बाई |
| डिस्यान्डीङ्ग वेसिन | : ४५ मिटर लम्बाई ६.४ मिटर चौडाई र २.६ मिटर गहिराईको दुईवटा च्याम्बर |
| हेडरेस पाईपलाईन | : १.३६६ मिटर देखि १.५६६ मिटर ब्यास भएको १३९८ मिटर लामो स्टिल पाईप |
| सतही पेनस्टक | : १.१२ मिटर देखि १.३७८ मिटर ब्यास भएको ३९४ मिटर लामो स्टिल पाईप |
| टेलरेस | : २.६ मिटर चौडाई, १.६ मिटर उचाई र २५ मिटर लम्बाई |
| टवाईन | : Francis, Horizontal 2 units |
| जेनेरेटर | : २.९१ एमभिए |
| ट्रान्सफर्मर | : ६.५ एमभिए |
| ट्रान्समिसन लाईन | : ३३ के.भी १४ किलोमिटर |
| आयोजनाको हालको अनुमानित लागत | : रु.११३.६० करोड |

| | |
|---|---|
| आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक | रु.९७.२५ करोड |
| आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित | रु.११३.६० करोड |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | ९.४३ वर्ष |
| आयोजनाको डिष्काउन्टमा लगानी फिर्ता हुने अवधि(Discounted Pay Back Period) | १७.०९ वर्ष |
| Net Present Value (NPV) | रु.३३.७४ करोड |
| Internal Rate of Return of Project (IRR) | ११.७१ % |
| Discount Rate | ९ % |
| Equity IRR | ६.७१% |

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) ९.४३ वर्ष, Discounted Pay Back Period १७.०९ वर्ष, (Internal Rate of Return Project) ११.७१ प्रतिशत, Internal Rate of Return Equity ६.७१% प्रतिशत, Net Present Value (NPV) Project रु ३३,७४,४०,,०००।- रहने अनुमान रहेको छ ।

रु हजारमा

| वर्ष | कर पछिको खुद नाफा | ह्रास कट्टी | व्याज | IFRIC आम्दानी | नगद प्रवाह | लगानी | जम्मा नगद प्रवाह | संचयी नगद प्रवाह | PVF | छुट नगद प्रवाह | संचयी छुट नगद प्रवाह | ऋण भुक्तानी | कुल नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | ८,८६५ | – | – | (१०,०४४) | (१,१७९) | (६८५,६६२) | (६८६,८४१) | (६८६,८४१) | १.०० | (६८६,८४१) | (६८६,८४१) | – | (६८६,८४१) |
| १ | २,९९७ | – | – | (४,३५५) | (१,३५९) | (१०५,८८७) | (१०७,२४६) | (७९४,०८७) | ०.९२ | (९८,३९१) | (७८५,२३२) | २,७२० | (१०९,९६६) |
| २ | (३२७) | १,५५६ | २,७२० | (२,८६८) | १,०८२ | (३४९,८०५) | (३४८,७२३) | (१,१४२,८१०) | ०.८४ | (२९३,५१३) | (१,०७८,७४५) | १०१,९५४ | (४५०,६७६) |
| ३ | ३३,४५७ | ३७,८६७ | ६४,९९८ | | १३६,३२१ | – | १३६,३२१ | (१,००६,४८९) | ०.७७ | १०५,२६५ | (९७३,४८०) | १०१,९५४ | ३४,३६७ |
| ४ | ४२,०३२ | ३७,८६७ | ६१,६२७ | | १४१,५२६ | | १४१,५२६ | (८६४,९६३) | ०.७१ | १००,२६१ | (८७३,२१९) | १०१,९५४ | ३९,५७२ |
| ५ | ५१,४४२ | ३७,८६७ | ५७,९४९ | | १४७,२५८ | | १४७,२५८ | (७१७,७०५) | ०.६५ | ९५,७०७ | (७७७,५१२) | १०१,९५४ | ४५,३०४ |
| ६ | ६१,२९७ | ३७,८६७ | ५३,९३५ | | १५३,०९९ | | १५३,०९९ | (५६४,६०५) | ०.६० | ९१,२८८ | (६८६,२२४) | १०१,९५४ | ५१,१४६ |
| ७ | ७१,१४३ | ३७,८६७ | ४९,५५६ | | १५८,५६५ | | १५८,५६५ | (४०६,०४०) | ०.५५ | ८६,७४१ | (५९९,४८३) | १०१,९५४ | ५६,६१२ |
| ८ | ८०,५१८ | ३७,८६७ | ४४,७७७ | | १६३,१६२ | | १६३,१६२ | (२४२,८७८) | ०.५० | ८१,८८५ | (५१७,५९८) | १०१,९५४ | ६१,२०८ |
| ९ | ९०,२३५ | ३७,८६७ | ३९,५६२ | | १६७,६६४ | | १६७,६६४ | (७५,२१५) | ०.४६ | ७७,१९७ | (४४०,४०१) | १०१,९५४ | ६५,७१० |
| १० | १००,६३५ | ३७,८६७ | ३३,८७१ | | १७२,३७३ | | १७२,३७३ | ९७,१५९ | ०.४२ | ७२,८१२ | (३६७,५८८) | १०१,९५४ | ७०,४२० |
| ११ | ११०,३४९ | ३७,८६७ | २७,६६२ | | १७५,८७७ | | १७५,८७७ | २७३,०३६ | ०.३९ | ६८,१५८ | (२९९,४३०) | १०१,९५४ | ७३,९२४ |
| १२ | ११०,३४९ | ३७,८६७ | २७,६६२ | | १७५,८७७ | | १७५,८७७ | ४४८,९१३ | ०.३६ | ६२,५३१ | (२३६,९००) | १०१,९५४ | ७३,९२४ |
| १३ | १०९,६३४ | ३७,८६७ | २०,८८६ | | १६८,३८६ | | १६८,३८६ | ६१७,३०० | ०.३३ | ५४,९२४ | (१८१,९७६) | १०२,४२२ | ६५,९६४ |
| १४ | ११५,६२८ | ३७,८६७ | १३,४९२ | | १६६,९८६ | | १६६,९८६ | ७८४,२८६ | ०.३० | ४९,९७० | (१३२,००५) | – | १६६,९८६ |
| १५ | १२४,२३५ | ३७,८६७ | ५,४२३ | | १६७,५२५ | | १६७,५२५ | ९५१,८११ | ०.२७ | ४५,९९२ | (८६,०१३) | – | १६७,५२५ |
| १६ | १३३,०५३ | ३७,८६७ | – | | १७०,९१९ | | १७०,९१९ | १,१२२,७३० | ०.२५ | ४३,०४९ | (४२,९६४) | – | १७०,९१९ |
| १७ | ११९,५२३ | ३७,८६७ | – | | १५७,३९० | | १५७,३९० | १,२८०,१२१ | ०.२३ | ३६,३६९ | (६,५९५) | – | १५७,३९० |
| १८ | १२३,१६५ | ३७,८६७ | – | | १६१,०३२ | | १६१,०३२ | १,४४१,१५२ | ०.२१ | ३४,१३८ | २७,५४२ | – | १६१,०३२ |
| १९ | १२७,०२१ | ३७,८६७ | – | | १६४,८८८ | | १६४,८८८ | १,६०६,०४० | ०.१९ | ३२,०६९ | ५९,६११ | – | १६४,८८८ |
| २० | १३१,०५३ | ३७,८६७ | – | | १६८,९१९ | | १६८,९१९ | १,७७४,९५९ | ०.१८ | ३०,१४० | ८९,७५२ | – | १६८,९१९ |
| २१ | १३५,२६७ | ३७,८६७ | – | | १७३,१३४ | | १७३,१३४ | १,९४८,०९३ | ०.१६ | २८,३४२ | ११८,०९३ | – | १७३,१३४ |
| २२ | १३९,६७४ | ३७,८६७ | – | | १७७,५४१ | | १७७,५४१ | २,१२५,६३४ | ०.१५ | २६,६६३ | १४४,७५७ | – | १७७,५४१ |
| २३ | १४४,२८१ | ३७,८६७ | – | | १८२,१४७ | | १८२,१४७ | २,३०७,७८१ | ०.१४ | २५,०९७ | १६९,८५३ | – | १८२,१४७ |
| २४ | १४९,०९७ | ३७,८६७ | – | | १८६,९६४ | | १८६,९६४ | २,४९४,७४५ | ०.१३ | २३,६३३ | १९३,४८६ | – | १८६,९६४ |
| २५ | १५४,१३२ | ३७,८६७ | – | | १९१,९९९ | | १९१,९९९ | २,६८६,७४४ | ०.१२ | २२,२६६ | २१५,७५२ | – | १९१,९९९ |
| २६ | १५९,३९७ | ३७,८६७ | – | | १९७,२६३ | | १९७,२६३ | २,८८४,००७ | ०.११ | २०,९८७ | २३६,७३९ | – | १९७,२६३ |
| २७ | १६४,९०१ | ३७,८६७ | – | | २०२,७६७ | | २०२,७६७ | ३,०८६,७७४ | ०.१० | १९,७९२ | २५६,५३१ | – | २०२,७६७ |
| २८ | १७०,६५५ | ३७,८६७ | – | | २०८,५२२ | | २०८,५२२ | ३,२९५,२९६ | ०.०९ | १८,६७३ | २७५,२०४ | – | २०८,५२२ |
| २९ | १७६,६७२ | ३७,८६७ | – | | २१४,५३८ | | २१४,५३८ | ३,५०९,८३५ | ०.०८ | १७,६२५ | २९२,८२९ | – | २१४,५३८ |
| ३० | १८२,९६२ | ३७,८६७ | – | | २२०,८२९ | | २२०,८२९ | ३,७३०,६६४ | ०.०८ | १६,६४४ | ३०९,४७३ | – | २२०,८२९ |
| ३१ | १८९,५३९ | ३७,८६७ | – | | २२७,४०५ | | २२७,४०५ | ३,९५८,०६९ | ०.०७ | १५,७२५ | ३२५,१९८ | – | २२७,४०५ |
| ३२ | १५५,११० | ३७,८६७ | – | | १९२,९७६ | | १९२,९७६ | ४,१५१,०४५ | ०.०६ | १२,२४२ | ३३७,४४० | – | १९२,९७६ |
| जम्मा | ३,६६७,९९० | १,१३७,५५७ | ५०४,११९ | (१७,२६८) | ५,२९२,३९९ | (१,१४१,३५४) | ४,१५१,०४५ | ४०,०७४,५६१ | | ३३७,४४० | (५,७१९,९४५) | १,२२६,६३४ | २,९२४,४१२ |

| | |
|---|---|
| Discount Factor | ९% |
| Net Present Value (NPV) | ३३७,४४० |
| Internal Rate of Return | ११.७१% |
| Equity IRR | ६.७१% |
| Simple Payback Period (Years) | ९.४३ |
| Discounted Payback Period (years) | १७.०९ |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) विद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेका नदी, खोलानाला तालहरुबाट निजी क्षेत्रमा जलविद्युत (Hydropower) को सर्वेक्षण, उत्पादन, प्रशारण र वितरण गर्ने गराउने एवं आवश्यकता खनुसार विद्युत गृह, प्रशारण तथा वितरण लाईन र अन्य भौतिक संरचनाहरु निर्माण तथा मर्मत संभार गर्ने र सञ्चालन गर्ने ।

(ख) विद्युत उर्जाको आवश्यकतानुसार जलविद्युत बाहेक निजी क्षेत्रमा सौय (क्यबिच), वायु (धप्लम), तापी (Thermal), जैविक शक्ति (Bio-energy) आदि स्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरी प्रशारण तथा विक्री वितरण गर्ने ।

(ग) विद्युत उर्जा र वातावरण विकासको क्षेत्रमा इन्जिनियर परामर्श सेवा प्रदान गर्ने, नयां नयां जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अन्वेषण अध्ययन, अनुसन्धान तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास ⁄प्रबर्द्धन गर्ने गराउने ।

(घ) जलविद्युत लगायत उर्जा विकास निर्माणको क्षेत्रमा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातारणको अनुसन्धान र विनासलाई रोकथाम गर्ने उपायहरुको अवलम्बन गर्ने उपायहरुको खोज गरी लागु गर्ने ।

(ङ) साना, मझौला र ठूला जलविद्युत आयोजनासँग समन्वय तथा सहकार्य गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

(च) खानेपानी, शहरी विकास भवन, पुल, नहर, सडक, ढल, प्रवेश मार्ग, सुरुङ्गमार्ग, रेल मार्ग लगायत सम्पूर्ण निर्णय संरचनाहरुको पूर्व सम्भाव्यता, विस्तृत अध्ययन अनुसन्धान तथा निर्माण गर्ने ।

(छ) उर्जा उत्पान तथा भौतिक निर्माणको क्षेत्रमा वैदेशिक लगानी प्रबर्द्धनको लागि विदेशी कम्पनीहरु संग आवश्यक सहकार्य गर्ने ।

(ज) उर्जा उत्पादन, वितरण र प्रशारणको निम्ति नेपाल सरकारको स्वामित्वमा रहेका आयोजनाहरु दीर्घकालीन वा अल्पकालीन रुपमा Lease मा लिई सञ्चालन गर्ने गराउने ।

(झ) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी (Joint Venture/Special Purpose Vehicle-SPV) को संस्थापना गर्ने तथा त्यसमा लगानी गर्ने ।

(१) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायहरुबाट अनुमति वा ईजाजत लिनु पर्ने भएमा सो प्राप्त गरेर मात्र कार्यान्वयन गर्ने छ ।
(२) कम्पनीले उपदफा (१) मा उल्लेखित उद्देश्य सम्बन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको १५ दिन भित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गर्नेछ ।
(ञ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको ।
(ट) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**: जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** परियोजना Run of River मा आधारित जलबिद्युत आयोजना हो । यस परियोजनामा Run of River प्रकारको जलबिद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र:** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका:** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति**: माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको उत्पादन क्षमता ४.९५ मेगावाट रहेको छ । माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको निर्माण कार्य ९७ प्रतिशत सम्पन्न भइसकेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाका लागि मादि र चैनपुर न.पा.संखुवासभा जिल्लाका पिलुवा र सिखुवा खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :
क) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि तथा आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गर्ने व्यवस्था गरिएको छ ।
ख) Hydromechanical तथा Electromechanical कार्य अन्तर्गत Quality Inspection को लागि Contract Document अनुसार नै Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप Inspection को व्यवस्था गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असरपर्ने गरी भएको वाधा, व्यवधान:** २०८० साल असार ०२ गते पिलुवा खोला र हेवा खोलामा आएको बाढीले माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाको संरचनामा हेडवर्क्सको वेयर र पावरहाउसमो क्षति पुऱ्याएको थियो । जस कारणले गर्दा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति २०८० साल फाल्गुण १४ गते हुनु पर्नेमा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति थप गरी २०८१ साल फाल्गुण १३ कायम गर्न नेपाल विद्युत प्राधिकरणमा निवेदन दर्ता भई CC Committee को बैठकबाट व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति २०८१ साल फाल्गुण १३ कायम गर्न पारित भएको छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाबाट ४.९५ मेगावाट विद्युत उत्पादन हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)**: जलविद्युत केन्द्रमा जडान गर्ने उपकरणहरुका (Electromechanical Equipment) लागि B Fouress Private Limited , सिभिल संरचना निमार्ण कार्यको लागि Growth/PES JV र हाइड्रोमेकानिकल निमार्ण कार्यको लागि Precise Hydro Engineering & Construction P.Ltd. मा निर्भर रहेको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**
कम्पनीको सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| सम्पतिको विवरण | २०८१ चैत्र सम्मको जम्मा | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|
| फर्निचर, अफिस ईक्युपमेण्ट, कम्प्युटर | ३०,०१,५३३.०० | संखुवासभा जिल्ला स्थित आयोजना निर्माणस्थल मादि र चैनपुर नगरपालिका तथा ललितपुर-१० स्थित मुख्य कार्यालय | आयोजनामा कार्यरत र मुख्य कार्यलयमा रहका कर्मचारीहरुका लागि प्रयोग भईरहेको । |
| सवारी साधन | ११,१५,१००.०० | संखुवासभा जिल्ला स्थित आयोजना निर्माणस्थल मादि र चैनपुर नगरपालिका | आयोजनामा कार्यरत कर्मचारीहरुका लागि प्रयोग भईरहेको । |
| सफ्टएर | २६,०३४.०० | ललितपुर-१० स्थित मुख्य कार्यालय | मुख्य कार्यालयमा प्रयोग भईरहेको |
| अपर पिलुवा खोला-३, जलविद्युत आयोजनाको लागत | १,०२,७२,४०,७१६.०० | संखुवासभा जिल्ला स्थित आयोजना निर्माणस्थल मादि र चैनपुर नगरपालिका | निर्माणाधिन अवस्थामा रहेको । |
| जग्गा | ३,३१,२२,२९७- | संखुवासभा जिल्ला स्थित आयोजना निर्माणस्थल हेडवर्क्स र पावरहाउस रहेको मादि र चैनपुर नगरपालिका विभिन्न स्थानमा | कम्पनीको नाममा खरीद गरी संरचना निर्माण भएको । |
| **कुल जम्मा** | **१,०६,४५,०५,६८०.००** | | |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने:** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी सम्झौता अवधी पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने ब्यबस्था रहेको ।

**कम्पनीले आयोजनाको लागि खरिद गरेको जग्गाको विवरण :**
यस कम्पनीले संखुवासभा जिल्लामा रहेको आयोजना स्थलको हेडवर्क्स र पावरहाउस लगाएतका स्थानमा आयोजनाको स्थायी संरचना बनाउन कम्पनीको नाममा खरीद गरिएको जग्गाको विवरण निम्न अनुसार रहेको छ :

| सि.न. | कित्ता | क्षेत्रफल |
|---|---|---|
| १ | १८४९ | ५९७ |
| २ | १८४८ | २८८ |
| ३ | ७५० | ९७५ |
| ४ | १८५९ | १५२७ |
| ५ | ७१० | १२०५ |
| ६ | १८३२ | ८२५ |
| ७ | १८२९ | ३६८ |
| ८ | १८४५ | १४०० |
| ९ | १७९३ | ९०५ |
| १० | १७८४ | ६३२ |
| ११ | १८०२ | ७८१ |
| १२ | १७९९ | ५७४ |
| १३ | १८११ | ९८० |
| १४ | १७८१ | ७४० |
| १५ | १७९६ | ७७३ |
| १६ | १८०८ | ६३० |
| १७ | १८०५ | ४२२ |
| १८ | १७८७ | ३४६ |
| १९ | १७९० | २४६ |
| २० | १८१६ | ११४८ |
| २१ | १८१६ | ७१३ |
| २२ | १२४१ | ६६२ |
| २३ | १२५० | २५४४ |
| २४ | ७०९ | ९८० |
| २५ | ७०६ | १०० |
| २६ | ७०४ | २७४५ |
| २७ | १२४५ | ३५० |
| २८ | १२५२ | १४६४ |
| २९ | १५३७ | १२८ |
| ३० | १५३५ | ५०९ |
| ३१ | १४ | १७५० |
| ३२ | ९ | ५४६४ |
| ३३ | ६ | १५५५ |
| ३४ | ७ | ३०३५ |
| ३५ | ४ | १०२० |
| ३६ | ५ | १९४५ |

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**
कम्पनीको नाममा रहेको २३.५९ रोपनी जग्गा सहवित्तियकरण बैंकहरुको नाममा धितो रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा मुल्याङ्कन गरिएको छ ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

- कम्पनीको उद्देश्य माबिलुङ्ग इनर्जी लिमिटेडबाट ४.९५ मेगावाट निर्माण गरी संचालन गर्ने रहेको र अन्य जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न सक्ने भएको हुँदा हाललाई कम्पनीको भावी योजना माथिल्लो पिलुवाखोला–३ जलविद्युत आयोजनाबाट ४.९५ मेगावाट निर्माण कार्य २०८२ आषाढ १५ मा सम्पन्न गरेर यस आयोजनालाई सुचारु रुपमा सञ्चालन गर्ने र आयोजना निर्माणको क्रममा लिएका ऋण सुविधाहरु भुक्तानी गर्ने रहेको छ ।
- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भावयता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिका आधारमा संगठित संस्थाको भविष्यः**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहने छ ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ३ जना |
| सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचीत | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **५ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन । हाल ३ जनाको संचालक समिति रहेको छ । कम्पनीले शेयरको सार्वजनिक निष्काशन पश्चात् स्वतन्त्र संचालक नियुक्त गर्ने लक्ष्य रहेकोले हाललाई स्वतन्त्र संचालक नियुक्त गरिएको छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरणः**

**अधिकृत पुँजीः** कम्पनीको अधिकृत पूँजी रु.४०,००,००,०००/–(अक्षरेपी चालिस करोड रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले ४०,००,००० (चालिस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजीः** कम्पनीको अधिकृत पूँजी रु.३८,५८,२४,०००/–(अक्षरेपी अड्तीस करोड अन्ठाउन्न लाख चौविस हजार रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ३८,५८,२४० ( अड्तीस लाख अन्ठाउन्न हजार दुई सय चालिस) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी:** कम्पनीले आफ्नो जारी पूँजी मध्ये १९,६७,७१० थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.१९,६७,७१,००० कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी १८,९०,५३० थान शेयर सार्वजनिक निष्कासनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ । निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी रु.३८,५८,२४,०००/– (अक्षरुपी अड्तीस करोड अन्ठाउन्न लाख चौविस हजार रुपैंया) हुनेछ ।

**(ख) निष्कासन पछिको चुक्ता पुँजी(समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम(रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | १९,६७,७१० | १९,६७,७१,००० | ५१.०००२% | शत प्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी | १८,९०,५३० | १८,९०,५३,००० | ४८.९९९८% | बाँकी |
| | **जम्मा** | **३८,५८,२४०** | **३८,५८,२४,०००** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव | प्रस्ताविक व्यापार/ व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | काठमाडौं | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | ५,००,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| २. | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड | ललितपुर | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | ४,००,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ३. | एशियन क्यापिटल लिमिटेड | काठमाडौं | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | १,००,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ४. | ग्लोरी क्यापिटल प्रा.लि. | ललितपुर | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | ५,६५,०१० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ५. | ट्रष्ट इनर्जी लिमिटेड | ललितपुर | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | १,५०,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ६. | ईन्द्र मण्डल राई | भोजपुर | संस्थापक शेयरधनी | ५२ | नेपाली | १,००,००० | प्रमाणपत्रतह मानविकी | संचालक-मालिङ्गगो मल्टीप्रपोज प्रा.लि. | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ७. | ग्रो क्यापिटल प्रा.लि. | ललितपुर | संस्थापक शेयरधनी | लागू नहुने | लागू नहुने | ३२,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ८. | रिमेश ब.राजभण्डारी | काठमाडौं | संस्थापक शेयरधनी | ४० | नेपाली | २५,००० | व्यवस्थापन संकायमा स्नातकोत्तर | प्रमुख संचालन अधिकृत-भारती लक्ष्मी इर्नेजी, महाप्रबन्धक-नेशनल टेकनोलोजी सेन्टर,प्रबन्ध निर्देशक- | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | यु होस्ट प्रा.लि.,संकाय सदस्य-एश इन्स्टियूट अफ म्यानेजमेन्ट,नेशनल कलेज । | |
| ९. | राजेश कुमार सरावगी | ललितपुर | संस्थापक शेयरधनी | ५२ | नेपाली | २५,००० | व्यवस्थापन संकायमा स्नातक | संचालक-विरगंज फाइनान्स लिमिटेड | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १०. | लक्ष्मी ओझा | काठमाडौं | संस्थापक शेयरधनी | ५० | नेपाली | २०,००० | मानविकी संकायमा स्नातक | गृहिणी | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |

**संचालक शेयरधनीको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव | प्रस्ताविक व्यापार/व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | होम बहादुर श्रेष्ठ (एसियन लाईफ ईन्स्योरेन्स कम्पनी लि.को प्रतिनिधि) | काठमाडौं | अध्यक्ष | ५० | नेपाली | ५,००,००० | एमबिए | वि.सं.२०५८ देखि २०६४ सम्म नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.मा कार्य गरेको, मिति २०६४ देखि एसियन लाईफ ईन्स्योरेन्स कम्पनी लि.मा कार्यरत । हाल एसियन लाईफ ईन्स्योरेन्स कम्पनी लि.को डेपुटी प्रमुख कार्यकारी अधिकृत | सो नभएको |
| २. | आँचल मास्के | काठमाडौं | संचालक | ४८ | नेपाली | १५,००० | बि.एस.सी | मिति २०६३।०६।०१ देखि खुद्रा तथा निर्यात(समुन्द्र पारी को निर्यात)म संलग्न | सो नभएको |
| ३. | शिव राज भण्डारी (गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेडको प्रतिनिधि) | आछाम | संचालक | ४९ | नेपाली | ४,००,००० | एम.ए. बि.एड | मिति २०६२।०१।१८ देखि गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेडमा कार्य गरेको | सो नभएको |

**नोटः**

- "सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु तथा कम्पनी ऐनको दफा ८९(१)(छ) मा समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीको संचालक भएमा संचालक हुन अयोग्य हुने व्यवस्था छ । आयोजनाबाट विद्युत उत्पादन तथा बिक्री शुरु गरिसकेको र यस कम्पनीका संचालक उस्तै प्रकृतिको अन्य संगठित संस्थाको संचालक नभएकोले कम्पनी ऐनको दफा ८९(१)(छ) को पालना भएको व्यहोरा जानकारी गराइन्छ ।
- हाललाई कम्पनीको सर्वसाधारण समूह तथा विशेषज्ञ संचालक खाली रहेको र संस्थापक समूहबाट प्रतिनिधित्व गरेको हुनाले सम्पूर्ण सञ्चालकहरुको शेयर स्वामित्व देखिएको र कम्पनीले शेयरको सार्वजनिक निष्काशन पश्चात् आगामी वार्षिक साधारण सभाबाट प्रचलित कानुन बमोजिम कम्पनीको नियमावलीको नियम अनुसार संचालकहरुको मनोनयन गरिने छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | संस्थापकहरुको नाम | ठेगाना | सक्षिप्त विवरण | संचालकहरुको नाम | ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|---|---|
| १ | एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | काठमाडौं | लाइफ इन्स्योरेन्स | दीपक कुमार श्रेष्ठ | महोत्तरी | १,४७,९७५ कित्ता |
| | | | | सुशान्त चाचान | पर्सा | १,१०,९८५ कित्ता |
| | | | | निष्ठा प्रधानाङ्ग(प्रतिनिधि गिन्नी इन्भेष्टमेन्ट प्रा.लि.) | काठमाण्डौ | ६६,५५२ कित्ता |
| | | | | सौरभ रुंगडा(प्रतिनिधि भिसे इन्भेष्टमेन्ट प्रा.लि.) | पर्सा | ३,०७७ कित्ता |
| | | | | शिला राजभण्डारी | काठमाण्डौ | १०७ कित्ता |
| | | | | अच्युत राज सापकोटा | काठमाण्डौ | स्वतन्त्र संचालक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड | ललितपुर | फाइनान्स बैंकिङ्ग | युवराज भण्डारी | काठमाण्डौ | १०६ कित्ता |
| | | | | रेस्मा श्रेष्ठ | ललितपुर | ११,८८,२९८ कित्ता |
| | | | | दिपेश गोर्खाली | काठमाण्डौ | १०६ कित्ता |
| | | | | सजिना अमात्य श्रेष्ठ | ललितपुर | २७३१ कित्ता |
| | | | | रिमेश बहादुर राजभण्डारी | ललितपुर | |
| | | | | राजेश मानन्धर | काठमाण्डौ | स्वतन्त्र संचालक |
| ३ | एशियन क्यापिटल लिमिटेड | काठमाडौं | क्यापिटल | मुरारी राज हुमागाईं (प्रतिनिधि एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड) | काठमाण्डौ | ७,६५,००० कित्ता |
| | | | | सचिन सिलवाल | काठमाण्डौ | ८९,००० कित्ता |
| | | | | शिल्पा प्रधानाङ्ग (प्रतिनिधि गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड) | ललितपुर | ६०,००० कित्ता |
| ४ | ट्रष्ट इर्नेजी लिमिटेड | ललितपुर | इन्भेष्टमेन्ट हाइड्रोपावर | नरेन्द्र बहादुर प्रधानाङ्ग | ललितपुर | १,००० कित्ता |
| | | | | बिनिता अधिकारी | ललितपुर | २५,००० कित्ता |
| | | | | सजल मास्के | काठमाण्डौ | १०,००० कित्ता |
| | | | | बिनिता कार्की | ललितपुर | स्वतन्त्र संचालक |
| ५ | ग्लोरी क्यापिटल प्रा.लि. | ललितपुर | इन्भेष्टमेन्ट कम्पनी | रेश्मा श्रेष्ठ | ललितपुर | १०,००,००० कित्ता |
| ६ | ग्रो क्यापिटल प्रा.लि. | ललितपुर | इन्भेष्टमेन्ट कम्पनी | रेश्मा श्रेष्ठ | ललितपुर | १३,११,४७४ कित्ता |
| | | | | गंगालाल श्रेष्ठ | बारा | १३,११,४७४ कित्ता |

**ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना : सो नभएको ।**

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

१)शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

२)संस्थापक बर्गको शेयर हस्तान्तरण ऐन, कम्पनी ऐन तथा प्रचिलित कानून, प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही गरिनेछ।

३) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको।

**ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**आवश्यक नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित**

**संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क.सं. | उच्च व्यवस्थापकको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या | अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | नारायण ओझा | प्रोजेक्ट मेनेजर | ईन्जिनियर | २०७८।१०।०५ | हाईड्रोपावर क्षेत्रमा १० वर्षको कार्यानुभव | - | छैन |
| २. | सजल मास्के | प्रोजेक्ट कोअर्डिनेटर | व्यवस्थापनमा स्नातक | २०७६।०४।०१ | विभिन्न संघ संस्थामा १३ वर्षको कार्यानुभव | १०,००० | ट्रष्ट इर्नेजी लिमिटेड |
| ३. | पिताम्बर बास्तोला | साइट ईन्जिनियर | मेकानिकल ईन्जिनियर | २०८०।०७।०१ | हाईड्रोपावर क्षेत्रमा १५ वर्षको कार्यानुभव | | छैन |

**नोटः** माथि उल्लेखित संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारी अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको ।

**ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको।

**ग) कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १६ | ४ | २ | - | - | २२ |

**ग.७.ख.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताः सो दिने गरिएको छैन।

**ख) संगठित संस्थाको उच्च व्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | आर्थिक वर्ष |
|---|---|---|---|---|
| १. | नारायण ओझा | प्रोजेक्ट मेनेजर | १०,७५,०००।- | २०८०।०८१ |
| २. | सजल मास्के | प्रोजेक्ट कोअर्डिनेटर | ३,९०,०००।- | २०८०।०८१ |
| ३. | पिताम्बर बास्तोला | साइट ईन्जिनियर | ७,८०,०००।- | २०८०।०८१ |

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

ग.८.<u>अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :</u>

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः** नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचरन आउन सक्ने।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** उत्पादन तथा सेवाको बजार स्थितिको जोखिममा नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्रीको सम्झौता भई बिक्रीको सुनिश्चिता भएकोले जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिमः**
२०८० साल असार ०२ गतेको भिष्म बाढी कारण आयोजनामा केही ढिलाई भएको छ । यस ढिलाईबाट व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मितिमा प्रभावित भएको छ । त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्ने छैन।

(ङ) **विदेशी विनिमयको जोखिमः** विदेशी विनिमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिमः**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यबस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :** यस कम्पनीले कम्पनीको स्थापना कालदेखि नै परिपक्व तथा संचालकहरु व्यवसायिक प्राज्ञिक पृष्ठ भूमिका रहनु भएको र कम्पनीमा कार्यरत कर्मचारीहरु समेत अनुभवी रहनु भएको हुँदा यस कम्पनीमा सञ्चालन अनुभव अभावबाट हुने जोखिम नभएको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गर्ने सम्झौता भइसकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरणको Insurance गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना कम भएको ।

(ट) **अन्य :**

- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ ।

जलवायु परिर्वतन बाट खोलामा पानीको वाहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्छ । यसका लागि विद्यतु उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ ।

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजीबजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा ब्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनी लि.मा निम्न रकम बराबरको बिमा गरिएको छ ।

| विमा कम्पनीको नाम | जोखिमको किसिम | विमाङ्ग रकम | प्रिमियमको रकम | प्रिमियमको रकम भूक्तानी मिति | विमाको वैधता |
|---|---|---|---|---|---|
| हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ठेकेदारको सम्पूर्ण जोखिम बीमा (Contractor's All Risk Insurance) | ५२,९८,७१,६८१।- | १७,९६,२६५।- | २०२५।०३।२० | २०२५।०६।१४ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | सवारी साधन विमा (Vehicle Insurance) | ११,९३,३००।- | १७,६२६.३६ | २०२५।०३।०९ | २०२५।०३।०८ |
| NLG इन्स्योरेन्स लिमिटेड | सवारी साधन विमा (Vehicle Insurance) | ३१८,९००.०० | ६,४४०.०० | २०२४।०९।०३ | २०२५।०९।०२ |
| सगरमाथा लुम्बिनी इन्स्योरेन्स लिमिटेड | सवारी साधन विमा (Vehicle Insurance) | | १८३१.०० | २०२४।०९।०४ | २०२५।०९।०३ |

यस कम्पनीले निर्माण गरिरहेको आयोजनाको सिभिल संरचनासँग सम्बन्धित जोखिमको हकमा Contractor's All Risk Insurance Policy मार्फत गरेको छ । आयोजनाको Electro Mechanical Equipments हरुको जोखिमको हकमा ठेकेदार कम्पनी B Fouress Pvt. Ltd. संग भएको सम्झौता बमोजिम कम्पनीले Electro Mechanical Equipments हरुको सम्पूर्ण जडान तथा परिक्षण सम्पन्न गरी Taking Over Certificate जारी नगर्दा सम्मको लागि ठेकेदार कम्पनी आफैंले Erection All Risk Policy मार्फत जोखिम बहन गर्ने सम्झौता गरेको छ ।

कम्पनीले निर्माण गरिरहेको आयोजना सम्पन्न हँदाको बखतमा कम्पनीले विमा कम्पनीसंग आयोजनाको सम्पूर्ण जोखिम बहन गर्ने गरी आयोजनाको Property Insurance गर्नेछ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९ वित्तीय विवरण**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरणः**

यस कम्पनीको आ.ब.२०८०/०८१ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात** **रु हजारमा**

| **विवरण** | २०८०/८१ |
|---|---|
| **पूँजी तथा दायित्वहरु** | |
| **पूँजी** | |
| चुक्ता पूँजी | १९६,७७१ |
| शेयर एडभान्स | - |
| जगेडा तथा कोष | ११,६०५ |
| **जम्मा पूँजी** | **२०८,३७६** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| कर्जा तथा उधारो | |
| दिर्घकालिन ऋण तथा कर्जा | ५९८,२०५ |
| **जम्मा गैर चालु दायित्व** | **५९८,२०५** |
| **चालु दायित्व** | |
| भुक्तानीहरु | १८४,४६८ |
| रोक्का र अवधारन | २७,२५६ |
| कर दायित्व | - |
| **जम्मा चालु दायित्व** | **२११,७२४** |
| **जम्मा दायित्व** | **८०९,९२९** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **१,०१८,३०५** |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ५,३५४ |
| घटाउनेः मूल्यह्रास | (३,४२४) |
| | १,९३१ |
| अमूर्त सम्पत्ति | २९ |
| घटाउनेः परिशोधन | (२३) |
| | ६ |
| विकास अन्तर्गत अमूर्त सम्पत्ति | ९१४,११८ |
| अग्रिम भुक्तानी | १६ |
| **जम्मा गैर चालु सम्पत्ति** | **९१६,०७०** |
| **चालु सम्पत्ति** | |
| चालु वित्तीय सम्पत्ति | ९८,८६८ |
| नगद वा सो सरह | ३,३६७ |
| **जम्मा चालु सम्पत्ति** | **१०२,२३५** |
| **जम्मा सम्पत्ति** | **१,०१८,३०५** |

## नाफा नोक्सान हिसाब

**रु हजारमा**

| **विवरण** | **२०८०/८१** |
|---|---|
| बिक्री आम्दानी | - |
| बिक्री लागत | - |
| IFRIC-12 अनुसार निर्माण राजस्व | २२२,१३० |
| IFRIC-12 अनुसार निर्माण खर्च | (२१७,७७४) |
| | **४,३५५** |
| ब्याज आम्दानी | १६ |
| **कूल आम्दानी** | **४,३७२** |
| प्रशासनिक खर्च | (१,३७५) |
| ह्रासकटी तथा परिशोधन खर्च | - |
| **सन्चालन नाफा** | **२,९९७** |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | - |
| बाढीका कारण घाटा* | - |
| **कर अधिको नाफा** | **२,९९७** |
| स्थगन करखर्चहरु | **-** |
| आयकर व्यवस्था | |
| अघिल्लो वर्षको कर | - |
| **यस वर्षको नाफा** | **२,९९७** |

| **अन्य विस्तृत आम्दानी**<br>**रु हजारमा** | |
|---|---|
| **विवरण** | **२०८०/८१** |
| नाफा/(नोक्सान) हिसाबखाता अनुसारको नाफा/(नोक्सान) | **२,९९७** |
| **अन्य विस्तृत आम्दानी** | - |
| **क. नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने शिर्षकहरु** | - |
| ईक्वीटी शेयरमा गरिएको लगानीबाट भएको नाफा/(नोक्सान) उचित मूल्यमा मापन | - |
| पूर्ण मुल्याङ्कनबाट नाफा/(नोक्सान) | - |
| कर्मचारी लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने अन्य विस्तृत आम्दानी** | - |
| नगद प्रवाह हेज नाफा/(नोक्सान) | - |
| विदेशी संचालनको वित्तीय सम्पत्तिबाट सटही नाफा/(नोक्सान) | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - |
| नाफा/(नोक्सान) मा पुःन वर्गिकरण | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु पर्ने अन्य विस्तृत आम्दानी** | - |
| **यस आ.व को कुल अन्य विस्तृत आम्दानी** | **२,९९७** |

| नगद प्रवाह विवरण | |
|---|---|
| | रु हजारमा |
| **विवरण** | २०८०/८१ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| **खुद नाफा** | २,९९७ |
| **समायोजन :** | |
| ह्रासकटी खर्च | १,३८६ |
| परिशोधन खर्च | ६ |
| गैर नगद खर्चहरु | - |
| **कार्यशील पूंजीमा परिवर्तन अघिको सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| अग्रिम भुक्तानीमा परिवर्तन | - |
| चालु सम्पत्तिमा परिवर्तन | ६,८४१ |
| चालु दायित्वमा परिवर्तन | ८०,००७ |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **९१,२३७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| पूर्णमूल्यांकन अधिहशेष | - |
| ठोस स्थीर सम्पत्तिमा परिवर्तन | (१,६६५) |
| अमूर्त सम्पत्तिमा परिवर्तन | - |
| गैर चालू सम्पत्तिमा परिवर्तन | (२) |
| गैर चालू दायित्वमा परिवर्तन | - |
| स्थीर सम्पत्ति तथा लगानीमा परिवर्तन | - |
| WIP Capitalization | (२२२,१३०) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(२२३,७९८)** |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर जारी | १ |
| शेयर पूंजी विरुद्ध अग्रिम प्राप्ती | - |
| अल्पकलीन तथा दीर्घकालीन ऋण मा परिवर्तन | १३५,१४३ |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **१३५,१४४** |
| **नगद प्रवाहमा खुद बृद्धि/(कमी)** | **२,५८३** |
| वर्षको शुरुमा भएको नगद | ७८४ |
| **वर्षको अन्तिममा भएको नगद** | **३,३६७** |

## स्व : पूजींमा भएको परिवर्तन

**आर्थिक वर्ष २०८०/८१** — **रु हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **आग्रिम शेयर पूँजी** | **संचित लाभ/हानि** | **पूँजी रिर्जव** | **स्थगितकर रिर्जव** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८०.०४.०१ | **१९६,७७०** | | **८,६०८** | **-** | **-** | **२०५,३७८** |
| यस वर्षको लाभ | - | - | २,९९७ | - | - | **२,९९७** |
| खुद नाफा नोक्सानी | - | - | - | - | - | **-** |
| लाभांश भुक्तानी | - | | - | - | - | **-** |
| जारी शेयर पूँजी | १ | - | - | - | - | **१** |
| **आ.व. २०८०/८१ को अन्तिम मौज्दात** | **१९६,७७१** | **-** | **११,६०५** | | | **२०८,३७६** |

**नोटः**

१. कम्पनीले आ.व. २०८०/८१ का वित्तिय विवरणहरु प्रथम पटक Nepal Financial Reporting Standards (NFRS) बमोजिम तयार पारेको छ ।

२. कम्पनीले आयोजना निर्माणको क्रममा भएका खर्चहरुलाई विकास अन्तर्गत अमूर्त सम्पत्ति (Intangible Assets Under Development) भनी उल्लेख गरिएको छ ।

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :**

**वासलात**

**रु हजारमा**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **पूँजी तथा दायित्वहरु** | | | |
| **पूँजी** | | | |
| चुक्ता पूँजी | ९५,५०० | ११६,७७० | ११६,७७१ |
| शेयर एडभान्स | ६२,३०० | - | - |
| जगेडा तथा कोष | (२५७) | ८,६०८ | ११,६०५ |
| **जम्मा पूँजी** | **१५७,५४३** | **२०५,३७८** | **२०८,३७६** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | - | - | |
| कर्जा तथा उधारो | - | - | |
| दिर्घकालिन ऋण तथा कर्जा | १२८,१९१ | ४६३,०६३ | ५९८,२०५ |
| **जम्मा गैर चालु दायित्व** | **१२८,१९१** | **४६३,०६३** | **५९८,२०५** |
| **चालु दायित्व** | | | |
| भुक्तानीहरु | २६,७०० | १०९,८७७ | १८४,४६८ |
| रोक्का र अवधारन | ३,४२९ | २१,८४० | २७,२५६ |
| कर दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **३०,१२९** | **१३१,७१७** | **२११,७२४** |
| **जम्मा दायित्व** | **१५८,३२०** | **५९४,७७९** | **८०९,९२९** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **३१५,८६३** | **८००,१५७** | **१,०१८,३०५** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ३,२६७ | ३,६८९ | ५,३५४ |
| घटाउनेः मूल्यह्रास | (१,५१३) | (२,०३८) | (३,४२४) |
| | १,७५४ | १,६५१ | १,९३१ |
| अमूर्त सम्पत्ति | २९ | २९ | २९ |
| घटाउनेः परिशोधन | (१२) | (१७) | (२३) |
| | १७ | १२ | ६ |
| विकास अन्तर्गत अमूर्त सम्पत्ति | १७९,७४१ | ६९१,९८८ | ९१४,११८ |
| अग्रिम भुक्तानी | ५५ | १३ | १६ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१८१,५६७** | **६९३,६६४** | **९१६,०७०** |
| **चालु सम्पत्ति** | | | |
| चालु वित्तीय सम्पत्ति | १३२,५७२ | १०५,७०९ | ९८,८६८ |

| | | | |
|---|---|---|---|
| नगद वा सो सरह | १,७२५ | ७८४ | ३,३६७ |
| **जम्मा चालु सम्पत्ति** | **१३४,२९६** | **१०६,४९३** | **१०२,२३५** |
| **जम्मा सम्पत्ति** | **३१५,८६३** | **८००,१५७** | **१,०१८,३०५** |

**नाफा नोक्सान हिसाब**

**रु हजारमा**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** |
| बिक्री आम्दानी | | - | - |
| बिक्री लागत | - | - | - |
| IFRIC-12 अनुसार निर्माण राजस्व | - | ५१२,२४७ | २२२,१३० |
| IFRIC-12 अनुसार निर्माण खर्च | - | (५०२,२०३) | (२१७,७७४) |
| | **-** | **१०,०४४** | **४,३५५** |
| ब्याज आम्दानी | - | ८७ | १६ |
| अन्य आम्दानी | ३३२ | - | - |
| **कूल आम्दानी** | **३३२** | **१०,१३२** | **४,३७२** |
| प्रशासनिक खर्च | - | (१,२४५) | (१,३७५) |
| ह्रासकटी तथा परिशोधन खर्च | - | - | - |
| **सन्चालन नाफा** | **३३२** | **८,८८६** | **२,९९७** |
| वित्तीय आम्दानी | - | - | - |
| वित्तीय लागत | - | - | - |
| बाढीका कारण घाटा* | - | - | - |
| **कर अघिको नाफा** | **३३२** | **८,८८६** | **२,९९७** |
| स्थगन करखर्चहरु | (८३) | - | - |
| आयकर व्यवस्था | - | २२ | |
| अघिल्लो वर्षको कर | ६२ | - | - |
| अघिल्लो वर्षको नाफा | ६७६ | | |
| **यस वर्षको नाफा** | **९८८** | **८,८६४** | **२,९९७** |

**अन्य विस्तृत आम्दानी**

**रु हजारमा**

| | **वास्तविक** | | |
|---|---|---|---|
| **विवरण** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** |
| नाफा/(नोक्सान) हिसाबखाता अनुसारको नाफा/(नोक्सान) | ९८८ | ८,८६४ | २,९९७ |
| **अन्य विस्तृत आम्दानी** | - | - | - |
| **क. नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने शिर्षकहरु** | - | - | - |
| ईक्वीटी शेयरमा गरिएको लगानीबाट भएको नाफा/(नोक्सान) उचित मूल्यमा मापन | - | - | - |
| पूर्ण मुल्याङ्कनबाट नाफा/(नोक्सान) | - | - | - |
| कर्मचारी लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - | - | - |

| | | | |
|---|---|---|---|
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने अन्य विस्तृत आम्दानी** | - | - | - |
| नगद प्रवाह हेज नाफा/(नोक्सान) | - | - | - |
| विदेशी संचालनको वित्तीय सम्पत्तिबाट सटही नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - | - | - |
| नाफा/(नोक्सान) मा पुःन वर्गिकरण | - | - | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु पर्ने अन्य विस्तृत आम्दानी** | - | - | - |
| **यस आ.व को कुल अन्य विस्तृत आम्दानी** | ९८८ | ८,८६४ | २,९९७ |

**नगद प्रवाह विवरण**

**रु हजारमा**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **खुद नाफा** | ३११ | ८,८६४ | २,९९७ |
| **समायोजन :** | | | |
| ह्रासकटी खर्च | ५८४ | ५२५ | १,३८६ |
| परिशोधन खर्च | ६ | ६ | ६ |
| गैर नगद खर्चहरु | - | - | - |
| **कार्यशील पूंजीमा परिवर्तन अघिको सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| अग्रिम भुक्तानीमा परिवर्तन | ८१ | ४१ | - |
| चालु सम्पत्तिमा परिवर्तन | (९९७१३) | १५,२१५ | ६,८४१ |
| चालु दायित्वमा परिवर्तन | २६,२२६ | ८३,१७७ | ८०,००७ |
| गैर चालु दायित्वमा परिवर्तन | ३,४२८ | | |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(६९०७४)** | **१०७,८२८** | **९१,२३७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| पूर्णमूल्यांकन अधिहशेष | - | - | - |
| ठोस स्थीर सम्पत्तिमा परिवर्तन | - | - | (१,६६५) |
| अमूर्त सम्पत्तिमा परिवर्तन | (१८,६३६) | (४२३) | - |
| गैर चालू सम्पत्तिमा परिवर्तन | | - | (२) |
| गैर चालू दायित्वमा परिवर्तन | - | १८,४११ | - |
| स्थीर सम्पत्ति तथा लगानीमा परिवर्तन | २९७० | - | - |
| WIP Capitalization | (९५,६५८) | (५१२,२४७) | (२२२,१३०) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१११,३२४)** | **(४९४,२५८)** | **(२२३,७९८)** |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर जारी | - | १०१,२७० | १ |
| शेयर पूंजी विरुद्ध अग्रिम प्राप्ती | ६१,३०० | (६२,३००) | - |
| अल्पकलीन तथा दीर्घकालीन ऋण मा परिवर्तन | १२८,१९० | ३३४,८७२ | १३५,१४३ |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **१८९,४९०** | **३७३,८४२** | **१३५,१४४** |
| **नगद प्रवाहमा खुद बृद्धि/(कमी)** | ९,०९१ | (१२,५८९) | २,५८३ |
| वर्षको शुरुमा भएको नगद | ४,२८१ | १३,३७२ | ७८४ |

| | | | |
|---|---|---|---|
| **वर्षको अन्तिममा भएको नगद** | १३,३७२ | ७८४ | ३,३६७ |

**स्व : पूजींमा भएको परिवर्तन**

**आर्थिक वर्ष २०७८/७९** **रु हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **आग्रिम शेयर पूँजी** | **संचित लाभ/हानि** | पूँजी रिर्जव | स्थगितकर रिर्जव | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०७८.०४.०१ | ९५,५०० | १,००० | ६७७ | - | - | ९७,१७७ |
| यस वर्षको लाभ | - | - | - | - | - | - |
| खुद नाफा नोक्सानी | - | - | ३१२ | - | - | ३१२ |
| लाभांश भुक्तानी | - | ६१,३०० | - | - | - | ६१,३०० |
| जारी शेयर पूँजी | - | - | - | - | - | - |
| **आ.व. २०७८/७९ को अन्तिम मौज्दात** | **९५,५००** | **६२,३००** | **९८९** | | | **१५८,७८९** |

**स्व : पूजींमा भएको परिवर्तन**

**आर्थिक वर्ष २०७९/८०** **रु हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **आग्रिम शेयर पूँजी** | **संचित लाभ/हानि** | पूँजी रिर्जव | स्थगितकर रिर्जव | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०७९.०४.०१ | ९५,५०० | ६२,३०० | ९८९ | - | - | १५८,७८९ |
| यस वर्षको लाभ | | | | - | - | - |
| खुद नाफा नोक्सानी | | | ६६ | - | - | ६६ |
| लाभांश भुक्तानी | | | | - | - | - |
| जारी शेयर पूँजी | १०१,२७० | (६२,३००) | | - | - | ३८,९७० |
| **आ.व. २०७९/८० को अन्तिम मौज्दात** | **१९६,७७०** | **-** | **१,०५४** | | | **१९७,८२४** |

**स्व : पूजींमा भएको परिवर्तन**

**आर्थिक वर्ष २०८०/८१** **रु हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **आग्रिम शेयर पूँजी** | **संचित लाभ/हानि** | पूँजी रिर्जव | स्थगितकर रिर्जव | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८०.०४.०१ | १९६,७७० | | ८,६०८ | - | - | २०५,३७८ |
| यस वर्षको लाभ | - | - | २,९९७ | - | - | २,९९७ |
| खुद नाफा नोक्सानी | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | | - | - | - | - |
| जारी शेयर पूँजी | १ | - | - | - | - | १ |
| **आ.व. २०८०/८१ को अन्तिम मौज्दात** | **१९६,७७१** | **-** | **११,६०५** | | | **२०८,३७६** |

**नोटः**

१. आ.ब. २०८०/८१ मा पहिलो पटक NFRS adoption गरिएको र पछिल्ला वर्षहरुको (Previous Year) को घर भाडा रकम र लेखा परिक्षण शुल्क रकमलाई नाफा नोक्सान हिसाबमा प्रस्तुत गरी Restate गरिएको र जगेडा कोषको रकममा पुन समायोजन भएको हुनाले शुरु मौज्दातमा भिन्नता आएको छ ।

| आ.ब. | विवरण | NFRS बमोजिम | पुरानो मापन बमोजिम | फरक | कैफियत |
|---|---|---|---|---|---|
| २०७९/८० | जगेडा कोष रकम | ८,६०७,८६३ | १,०५४,२०९ | ७,५५३,६५४ | घर भाडा रकम र लेखा परिक्षण शुल्क रकम नाफा नोक्सान हिसाबमा प्रस्तुत गरेको । |
| २०७८/७९ | जगेडा कोष रकम | (२५६,६११) | ९८८,५८९ | (१,२४५,२००) | घर भाडा रकम र लेखा परिक्षण शुल्क रकम नाफा नोक्सान हिसाबमा प्रस्तुत गरेको । |

आ.व. २०८०/८१ मा प्रस्तुत आ.व.२०७९/८० को NFRS बमोजिम लेखा परिक्षण विवरण र पुरानो मापन बमोजिमको हिसाबमा फरक परेको रकम विवरण निम्न बमोजिम कारण सहित उल्लेख गरिएको छ :

| विवरण | NFRS बमोजिम आ.व.२०७९/८० को उल्लेखित रकम | आ.व.२०७९/८० मा पुरानो मापन बमोजिम उल्लेखित रकम | फरक परेको रकम | कारण |
|---|---|---|---|---|
| अमूर्त सम्पत्तिहरु विकासधीन | ६९१,९८८,०९० | ६८,४४३,४४३६ | ७,५५३,६५४ | IFRIC–12 अनुसार रु. १०,०४४,०५४/–को अमूर्त सम्पत्तिको पहिचान र चालू वर्षको कार्यालय भाडा खर्च र लेखा परीक्षण शुल्क रु.१२,४५,२००/– र अघिल्लो वर्षको रु.१२,४५,२००/– NFRS कार्यान्वयनको क्रममा नाफा नोक्सान खातामा लगाइनेछ । |
| रिजर्भ र सरप्लस | ८,६०७,८६३ | १,०५४,२०९ | ७,५५३,६५४ | |
| नगद र नगद बराबर | ७८३,८९१ | ६,४७८,४२२ | (५,६९४,५३१) | लक्ष्मी बैंकमा बैंक मार्जिनलाई नगद र नगद समतुल्यबाट अलग गर्ने |
| अन्य चालु सम्पत्तिहरु | १०५,७०९,००९ | १००,०१४,४७८ | ५,६९४,५३१ | लक्ष्मी बैंकको बैंक मार्जिनलाई अन्य चालू सम्पत्तिमा समावेश गर्ने |

आ.व. २०८०/८१ मा प्रस्तुत आ.व. २०७८/७९ को लेखा परिक्षण विवरण र र पुरानो मापन बमोजिमको हिसाबमा फरक परेको रकम विवरण निम्न बमोजिम कारण सहित उल्लेख गरिएको छ :

| विवरण | NFRS बमोजिम आ.व.२०७८/७९ को उल्लेखित रकम | पुरानो मापन बमोजिम आ.व.२०७८/७९ को उल्लेखित रकम | फरक परेको रकम | कारण |
|---|---|---|---|---|
| अमूर्त सम्पत्तिहरु विकासधीन | १७९,७४१,३६० | १८०,९८६,५६० | (१,२४५,२००) | NFRS कार्यान्वयनको क्रममा नाफा नोक्सान खातामा कार्यालय भाडा खर्च र लेखा परीक्षण शुल्क लगाइन्छ । |
| रिजर्भ र सरप्लस | (२५६,६११) | ९८८,५८९ | (१,२४५,२००) | |
| नगद र नगद बराबर | १,७२४,८३४ | १३,३७२,४८६ | (११,६४७,६५२) | लक्ष्मी बैंकमा बैंक मार्जिनलाई नगद र नगद समतुल्यबाट अलग गर्ने |
| अन्य चालु सम्पत्तिहरु | १३२,५७१,५७३ | १२०,९२३,९२१ | ११,६४७,६५२ | लक्ष्मी बैंकको बैंक मार्जिनलाई अन्य चालू सम्पत्तिमा समावेश गर्ने |

२. IFRIC-१२ लेखामान संग सम्बन्धित कम्पनीको निति, आधारहरु र असर निम्न बमोजिम रहेको छ :

कम्पनीले नेपाल विद्युत प्राधिकरणसंग गरेको विद्युत खरिद विक्रि सम्भौता बमोजिम आयोजनाको उत्पादन अनुमति पत्र समेतको आधारमा विद्युत बिक्रि ३० वर्षको लागि प्राधिकरणसंग गरेको हुनाले Service concession arrangement मानिएको छ । यस्तो Service concession arrangement ले IFRIC 12 को व्यवस्था बमोजिम आयोजनाको Construction Revenue को आधार तय गर्दछ ।

| विवरण | रकम रु |
|---|---|
| Total Cost incurred for Project Development during the year | २१७,७७४,४४८ |
| Add: Profit recognized as per IFRIC 12 (Management Decision @ 2%) | ४,३५५,४८९ |
| Revenue recognized as per IFRIC 12 for the Year | **२२२,१२९,९३७** |

३. (क) विगत ३ आ.व मा संस्थाले अवलम्बन गरेको नयाँ निति, सो निति अवलम्बन गर्नुको औचित्य तथा कारण र सोको वित्तिय प्रभाव सम्बन्धि विवरण निम्न बमोजिम रहेको छ:

कम्पनीले आ.व. २०८०/८१ सम्ममा नेपाल लेखामान बोर्डले जारी गरेको Nepal Accounting Standards बमोजिम लेखा निति अवलम्बन गरेको थियो र आ.व. २०८०/८१ देखि संस्थाको वित्तिय विवरणहरुमा एकरूपता तथा पारदर्शिता कायम गराउन विभिन्न संघ संस्थालाई Nepal Financial Reporting Standards (NFRS) बमोजिम अनिवार्य रुपमा वित्तिय विवरणहरु जारी गर्न निर्देश गरे बमोजिम यस कम्पनीले Nepal Financial Reporting Standards (NFRS) बमोजिम वित्तिय विवरणहरु तयार पारेको छ । यस निति अवलम्बनबाट वित्तिय विवरणमा परेका प्रभावहरु मथि नोटमा उल्लेख गरिएको छ भने Net Worth Per Share मा परेको असर निम्न बमोजिम रहेको छ ।

| **Particulars** | **Considering IFRIC Revenue** | | **Without Considering IFRIC Revenue** | |
|---|---|---|---|---|
| | **Audited FY 2080.81** | **Provisional As at 31st Chaitra 2081** | **Audited FY 2080.81** | **Provisional As at 31st Chaitra 2081** |
| Paid Up Capital (A) | 19,67,71,000 | 19,67,71,000 | 19,67,71,000 | 19,67,71,000 |
| Reserve & Surplus (B) | 1,16,04,908 | 1,36,77,009 | 1,16,04,908 | 1,36,77,009 |
| Less: Adjustment as per IFRIC (C) | - | - | (1,43,99,542) | (1,72,67,091) |
| Shareholders Fund (A+B-C) | 20,83,75,908 | 21,04,48,009 | 19,39,76,366 | 19,31,80,918 |
| No. of Share (E) | 19,67,710 | 19,67,710 | 19,67,710 | 19,67,710 |
| **Net Worth Per Share (F=D/E)** | **105.90** | **106.95** | **98.58** | **98.18** |

३. (ख) आयोजना भएको अवस्थामा व्याजको पूजिँकरण सम्बन्धि विवरण यस प्रकार रहेको छन् ।

कम्पनीले आयोजनाको लागतमा आयोजनाको निर्माणको लागि लिएको साँवाँ रकमको व्याज प्रत्यक तीन तीन महिनामा पूजिँकरण गर्दै लैजाने गरेको छ । यस्तो पूजिँकरण गरीएको रकम कम्पनी र बैंक बिच भएको ऋण सम्झौता अनुसार निर्माण अवधिको व्याज शिर्षकमा प्रविष्ट गरिएको हुन्छ ।

व्याजको पूँजिकरण सम्बन्धि विवरण देहाय बमोजिम रहेको छ :

| | आ.व.२०७८।७९ | आ.व.२०७९।८० | आ.व.२०८०।८१ |
|---|---|---|---|
| व्याजको पूजिँकरण | ७५,२६,३२४ | ४,०१,८१,३७८ | ७,५४,७२,७३३ |

३ (ग) अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धि कारोबार यस कम्पनीबाट नभएको ।

३ (घ) संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धि विवरण नभएको ।

३ (च) कम्पनीको आयोजना सम्बन्धि विवरण

| | |
|---|---|
| Commercial Operation Date (COD) | २०८२/०३/१५ |
| PPA तथा सोको पछिल्लो संशोधन बमोजिमको RCOD | २०८१/११/१३ |
| IRR | ११.७१ % |
| Normal Payback Period | ९.४३ वर्ष |
| Discounted Payback Period | १७.०९ वर्ष |
| Net Present Value | ३३,७४,४०,००० |
| Cost of Capital | ९ % |
| Debt Equity Ratio | ६६:३४ |

| | |
|---|---|
| **Debt Financing Institutions सम्बन्धी विवरण** | |
| संस्था | Laxmi Sunrise Bank Ltd. (Lead Bank) and Himalayan Bank Ltd. (Consortium Member Bank) |
| रकम | रु ७५०,१७६,०००।- |
| **प्रसारण लाइन सम्बन्धी विवरण** | |
| सम्पन्न कार्य प्रगति प्रतिशत | ९७% |
| सवस्टेशनको नाम तथा ठेगाना | Baneshwor Substation, Chainpur, Sakhuwashabha |
| दूरी | १४ कि. मि. |
| क्षमता | ३३ Kv |
| पछिल्लो १२ महिनामा संचालनलाई असर पुरयाउने प्रमुख घटना घटेको भए सोको विवरण | ह्वा खोलमा आएको बाढि आएका कारण आयोजनाको हेडवर्क्स र पावरहाउस निमार्ण कार्यमा क्षति भएको |
| PPA को मूल सम्झौता तथा सोमा भएका संशोधनहरुको मितिहरु | PPA को मूल सम्झौता भएको मिति : २०७९/११/१५ PPA मा भएका संशोधनहरुको मितिहरु:२०८१/११/१३ |
| यदि RCOD मा विद्युत उत्पादन शुरु भैनसकेको भए सोको कारण तथा Expected COD | ह्वा खोलमा आएको बाढि आएका कारण आयोजनाको हेडवर्क्स र पावरहाउस निमार्ण कार्यमा क्षति भएको र उक्त क्षतिको कारणले COD ढिला हुन गएको। Expected COD २०८२/०३/१५ रहेको छ। |
| विद्युत उत्पादन अनुमति प्रदान मिति, उत्पादन अनुमति बहाल रहने मिति तथा बाँकी अवधि | अनुमति प्रदान मिति: २०७७/०४/०९. अनुमति बहाल रहने मिति: २११२/०४/०८, अनुमति बाँकी अवधि: ३० वर्ष |
| साथै उत्पादन अनुमतिको बहाल रहने मिति पश्चात् उक्त आयोजना हस्तान्तरण हुने वा अन्य प्रकारले व्यवस्था हुने हो सोको विवरण। | उत्पादन अनुमतिको बहाल रहने मिति पश्चात् आयोजना नेपाल सरकारले तोके बमोजिम हस्तान्तरण हुने वा अन्य प्रकारले व्यवस्था हुने सक्ने। |
| Project Construction शुरु र सम्पन्न मिति। | Project Construction शुरु गरेको मिति: २०७८/०५/१० ; Project Construction सम्पन्न हुने मिति: २०८२/०३/१५ |

३(छ)कम्पनीको पछिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदनमा लेखापरिक्षकले जारी गरेको राय, गैर अनुपालना सम्बन्धि विस्तृत विवरण यस प्रकार रहेको छ।

आ.व.२०८०।८१ को लेखापरिक्षण प्रतिवेदनमा लेखापरिक्षक एस.लामा एण्ड एशोशिएट्सबाट देहाय बमोजिमको राय व्यक्त निम्न बमोजिम रहेको छ :

**Opinion**

We have audited the financial statements of Mabilung Energy Lrd. which comprise the Statement-of Financial Position as at Asadh 31st 2081 and the Statement of comprehensive income, Statemgnt of changes in Equity and Statement of Cash Flows for the year then ended, and notes to the financial statements' including a summary of significant accounting policies.

In our opinion, the accompying financial statements present fairly, in all material respects, give a true and fair view of the flnancial position of the Company as at Ashad 3l, 2081, and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

सो लेखापरिक्षण प्रतिवेदनमा गैर अनुपालना सम्बन्धी कैफियत उल्लेख नभएको।

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :

**वासलात (२०८१ चैत्र मसान्त)**

| **विवरण** | **(रु.हजारमा)** |
|---|---|
| **पूँजी तथा दायित्वहरु** | |
| **पूँजी** | |
| चुक्ता पूँजी | १९६,७७१ |
| शेयर एडभान्स | - |
| जगेडा तथा कोष | १३,६७७ |
| **जम्मा पूँजी** | **२१०,४४८** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| दिर्घकालिन ऋण तथा कर्जा | ७३९,७७७ |
| **जम्मा गैर चालु दायित्व** | **७३९,७७७** |
| **चालु दायित्व** | |
| भुक्तानीहरु | २०४,५३५ |
| रोक्का र अवधारन | ३०,१३४ |
| **जम्मा चालु दायित्व** | **२३४,६६८** |
| **जम्मा दायित्व** | **९७४,४४५** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **१,१८४,८९३** |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ५,६७३ |
| ह्रासकटी | (४,११७) |
| **कुल सम्पत्ति, मेशिनरी तथा उपकरण** | **१,५५७** |
| अमूर्त सम्पत्ति | २९ |
| परिशोधन खर्च | (२६) |
| **कुल अमूर्त सम्पत्ति** | **३** |
| विकास अन्तर्गत अर्मुत सम्पत्तिहरु | १,०६०,३६३ |
| अग्रिम भुक्तानी | १६ |
| **कुल गैर चालु सम्पत्ति** | **१,०६१,९३९** |
| **चालु सम्पत्ति** | |
| अन्य चालु सम्पत्ति | १०७,८९३ |
| नगद वा सो सरह | १५,०६२ |
| **जम्मा चालु सम्पत्ति** | **१२२,९५४** |
| **जम्मा सम्पत्ति** | **१,१८४,८९३** |

## नाफा- नोक्सान हिसाब (२०८१ चैत्र मसान्त)

| **विवरण** | **(रु. हजारमा)** |
|---|---|
| बिक्री आम्दानी | - |
| बिक्री लागत | - |
| **खुद आम्दानी** | **-** |
| Construction Revenue as per IFRIC_12 | १४६,२४५ |
| Construction Expenses as per IFRIC_12 | (१४३,३७७) |
| Construction Revenue Less Construction Expenses as per IFRIC_12 | **२,८६८** |
| ब्याज आम्दानी | ५ |
| **कुल आम्दानी** | **२,८७२** |
| प्रशासनिक खर्च | (८००) |
| ह्रासकटी खर्च | - |
| परिशोधन खर्च | - |
| **सन्चालन नाफा** | **२,०७२** |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | - |
| बाढीका कारण घाटा* | - |
| **कर अधिको नाफा** | **२,०७२** |
| आयकर व्यवस्था | **-** |
| अघिल्लो वर्षको कर | - |
| **यस वर्षको नाफा** | **२,०७२** |

## अन्य विस्तृत आम्दानी (२०८१ चैत्र मसान्त)

| **विवरण** | **(रु. हजारमा)** |
|---|---|
| नाफा/(नोक्सान) हिसाबखाता अनुसारको नाफा/(नोक्सान) | २०७२ |
| **अन्य विस्तृत आम्दानी** | - |
| **क. नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने शिर्षकहरु** | - |
| ईक्वीटी शेयरमा गरिएको लगानीबाट भएको नाफा/(नोक्सान) उचित मूल्यमा मापन | - |
| पूर्ण मुल्याङ्कनबाट नाफा/(नोक्सान) | - |
| कर्मचारी लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने अन्य विस्तृत आम्दानी** | - |
| नगद प्रवाह हेज नाफा/(नोक्सान) | - |
| विदेशी संचालनको वित्तीय सम्पत्तिबाट सटही नाफा/(नोक्सान) | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - |

| | |
|---|---|
| नाफा/(नोक्सान) मा पुःन वर्गिकरण | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु पर्ने  अन्य विस्तृत आम्दानी** | - |
| **यस आ.व को कुल अन्य विस्तृत आम्दानी** | **२०७२** |

**नगद प्रवाह विवरण (२०८१ चैत्र मसान्त)**

| **विवरण** | **(रु. हजारमा)** |
|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| आयकर अघिको खुद नाफा | २,०७२ |
| ह्रासकटी खर्च | ६९३ |
| परिशोधन खर्च | ३ |
| गैर नगद खर्च | - |
| **कार्यशील पूँजीमा थप /घट** | २,७६८ |
| अग्रिम भुक्तानीमा परिवर्तन | - |
| चालु सम्पत्तिमा परिवर्तन | (९,०२५) |
| चालु दायित्वमा परिवर्तन | २२,९४४ |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१६,६८७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| पूर्ण मुल्यांकन लाभ | - |
| स्थीर सम्पत्तिमा परिवर्तन | (३१९) |
| अमूर्त सम्पत्तिमा परिवर्तन | - |
| गैर चालु सम्पत्तिमा परिवर्तन | (१) |
| गैर चालु दायित्वमा परिवर्तन | - |
| स्थीर सम्पत्तिको निप्टानमा परिवर्तन | **-** |
| WIP Assets capitalized (Project cost) | (१४६,२४५) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१४६,५६५)** |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर जारी | - |
| अग्रिम शेयर पूँजी | - |
| दिर्घकालिन ऋण तथा कर्जा | १४१,५७२ |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **१४१,५७२** |
| **नगद प्रवाहमा खुद बृद्धि/(कमी)** | **११,६९५** |
| **वर्षको शुरुमा भएको नगद** | ३,३६७ |
| **वर्षको अन्तिममा भएको नगद** | **१५,०६२** |

**अपरिष्कृत स्व : पूजींमा भएको परिवर्तन**

**चैत्र मसान्त २०८१/८२** **हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **आग्रिम शेयर पूँजी** | **संचित लाभ/हानि** | **सामान्य रिर्जव** | **पूजी रिर्जव** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८१.०४.०१ | १९६,७७१ | - | ११,६०५ | - | - | **२०८,३७६** |
| जारी शेयर पूँजी | - | - | - | - | - | **-** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अग्रिम शेयर पूँजी | - | - | - | - | - | - |
| कुल विस्तृत आम्दानी | - | - | - | - | - | - |
| अर्मूत सम्पत्तिमा स्तान्तरण | - | - | - | - | - | - |
| खुद नाफा नोक्सानी | - | - | २,०७२ | - | - | २०७२.१ |
| **आ.व. २०८१/८२ चैत्र मसान्त मौज्दात** | **१९६,७७१** | **-** | **१३,६७७** | **-** | **-** | **२१०,४४८** |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान,सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको किताबी मूल्य(ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफानोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरुः**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| **विवरण** | **प्रक्षेपित (हजारमा)** | | |
|---|---|---|---|
| | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** |
| **पूँजी तथा दायित्वहरु** | | | |
| **पूँजी** | | | |
| चुक्ता पूँजी | ३८५,८२४ | ३८५,८२४ | ३८५,८२४ |
| शेयर प्रिमियम | - | - | - |
| जगेडा तथा कोष | - | - | - |
| रिर्जव | ११,२७८ | ४४,७३५ | ८६,७६७ |
| **जम्मा पूँजी** | **३९७,१०२** | **४३०,५५९** | **४७२,५९१** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| दिर्घकालिन ऋण तथा कर्जा | ७५०,१७६ | ७१३,२२० | ६७२,८९३ |
| **जम्मा गैर चालु दायित्व** | **७५०,१७६** | **७१३,२२०** | **६७२,८९३** |
| **चालु दायित्व** | | | |
| कार्यशील पूजीको ऋण | - | - | - |
| रोक्का तथा अवधारण | - | - | - |
| करको प्रावधान | २ | ७७ | ३५१ |
| अन्य चालु दायित्व | १४,२८२ | २,९५६ | ३,१५४ |
| **जम्मा चालु दायित्व** | **१४,२८३** | **३,०३३** | **३,५०५** |
| **जम्मा दायित्व** | **७६४,४५९** | **७१६,२५३** | **६७६,३९८** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **१,१६१,५६२** | **१,१४६,८१२** | **१,१४८,९९०** |

| | | | |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | – | – | – |
| ह्रासकटी खर्च | – | – | – |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | १,१५२,५४५ | १,११३,९०१ | १,०७५,३०५ |
| **अन्य गैर चालु सम्पत्ति** | | | |
| अर्मूत सम्पत्ति | – | – | – |
| ह्रासकटी खर्च | – | – | – |
| नेट अर्मूत सम्पत्ति | ५ | ४ | ३ |
| Project WIP | – | – | – |
| अग्रिम भूक्तानी | – | – | – |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,१५२,५५०** | **१,११३,९०५** | **१,०७५,३०८** |
| **चालु सम्पत्ति** | | | |
| नगद वा सो सरह | ३१० | १४,९९५ | ५५,२२६ |
| अन्य चालु सम्पत्ति | ८,७०२ | १७,९१२ | १८,४५६ |
| **जम्मा चालु सम्पत्ति** | **९,०१२** | **३२,९०७** | **७३,६८२** |
| **जम्मा सम्पत्ति** | **१,१६१,५६२** | **१,१४६,८१२** | **१,१४८,९९०** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | **(हजारमा)** | | |
|---|---|---|---|
| | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** |
| बिक्री आम्दानी | ८,५३२ | १५५,३०० | १५९,८९४ |
| अन्य आम्दानी | ६ | ३०६ | १,४०४ |
| **जम्मा आम्दानी** | **८,५३८** | **१५५,६०६** | **१६१,२९९** |
| निर्माण आमदानी (IFRIC-12) | **२,८६८** | **–** | **–** |
| **कूल आम्दानी** | **११,४०६** | **१५५,६०६** | **१६१,२९९** |
| **घटाउने** | | | |
| प्रशासनिक खर्च | ३,४०१ | ६,३८० | ६,१३९ |
| बैंक ऋणमा ब्याज | २,७२० | ६४,९९८ | ६१,६२७ |
| सरकारलाई तिरेको रोयल्टी | ६६६ | ३,६०१ | ३,६९३ |
| ह्रासकटी खर्च | १,८४५ | ३८,६४४ | ३८,५९६ |
| परिशोधन खर्च | १ | १ | १ |
| परिस्थापन मर्मत शुल्क | ४२७ | ७,७६५ | ७,९९५ |
| शेयर जारी खर्च | २,६७० | – | – |
| **जम्मा खर्च** | **११,७३१** | **१२१,३८९** | **११८,०५०** |
| **कर अघिको नाफा** | **(३२५)** | **३४,२१८** | **४३,२४८** |
| कर्मचारी वोनश व्यवस्था | – | ६८४ | ८६५ |
| आयकर व्यवस्था | २ | ७७ | ३५१ |
| **कर पछिको नाफा** | **(३२७)** | **३३,४५७** | **४२,०३२** |
| अघिल्लो वर्षको नाफा | ११,६०५ | ११,२७८ | ४४,७३५ |
| विनियोजनको लागि उपलब्ध | ११,२७८ | ४४,७३५ | ८६,७६७ |

| | | | |
|---|---|---|---|
| घटाउने शेयरधनीलाई लाभांश | - | - | - |
| **वास्लातमा रिर्जव हस्तान्तरण** | **११,२७८** | **४४,७३५** | **८६,७६७** |

| **अन्य विस्तृत आम्दानी (श्रावण १, २०७८ देखि आषाढ ३१,२०७९)** | | | |
|---|---|---|---|
| **विवरण** | **हजारमा** | | |
| | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** |
| नाफा/(नोक्सान) हिसाबखाता अनुसारको नाफा/(नोक्सान) | (३२७) | ३३,४५७ | ४२,०३२ |
| **अन्य विस्तृत आम्दानी** | - | - | - |
| **क. नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने शिर्षकहरु** | - | - | - |
| ईक्वीटी शेयरमा गरिएको लगानीबाट भएको नाफा/(नोक्सान) उचित मूल्यमा मापन | - | - | - |
| पूर्ण मुल्याङ्कनबाट नाफा/(नोक्सान) | - | - | - |
| कर्मचारी लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - | - | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने अन्य विस्तृत आम्दानी** | - | - | - |
| नगद प्रवाह हेज नाफा/(नोक्सान) | - | - | - |
| विदेशी संचालनको वित्तीय सम्पत्तिबाट सटही नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - | - | - |
| नाफा/(नोक्सान) मा पुःन वर्गिकरण | - | - | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु पर्ने अन्य विस्तृत आम्दानी** | - | - | - |
| **यस आ.व को कुल अन्य विस्तृत आम्दानी** | **(३२७)** | **३३,४५७** | **४२,०३२** |

| **नगद प्रवाह विवरण** | | | |
|---|---|---|---|
| **विवरण** | **हजारमा** | | |
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| खुद नाफा | (३२७) | ३३,४५७ | ४२,०३२ |
| ह्रासकटी खर्च | १,८४५ | ३८,६४४ | ३८,५९६ |
| परिशोधन खर्च | १ | १ | १ |
| गैर नगद खर्च | - | - | - |
| **कार्यशील पुजीमा परिवर्तन अघिको संचालनबाट कुल नगद प्राप्त** | **१,५२०** | **७२,१०२** | **८०,६२९** |
| चालु सम्पत्तिमा परिवर्तन | ९०,१६६ | (९,२१०) | (५४४) |
| अग्रिम भुक्तानीमा परिवर्तन | १६ | - | - |
| चालु दायित्वमा परिवर्तन | (१९६,६३२) | (११,२५१) | ४७२ |
| **संचालनबाट कुल नगद प्राप्त** | **(१०४,९३१)** | **५१,६४२** | **८०,५५८** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | | | |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| स्थीर सम्पत्तिमा लगानी | - | - | - |
| सम्पत्ति, मेशिनरी तथा उपकरण मा (कमी)/वृद्धि | (१,१५३,२६८) | - | - |
| गैर चालु सम्पत्तिमा (कमी)/वृद्धि | - | - | - |
| गैर चालु दायित्वमा (कमी)/वृद्धि | - | | |
| अमूर्त सम्पत्तिमा कमी/(वृद्धि) | - | - | - |

| | | | |
|---|---|---|---|
| निर्माणाधिन पुजिँकरण गर्न बाँकी खर्चहरु मा कमी/(वृद्धि) | ९१४,११८ | | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(२३९,१५०)** | **-** | **-** |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजी | १८९,०५३ | - | - |
| शेयर प्रमियम | - | - | - |
| लाभांश भुक्तानी | - | - | - |
| अग्रिम शेयर पूजी | - | - | - |
| अल्पकलीन तथा दीर्घकालीन ऋण | १५१,९७१ | (३६,९५६) | (४०,३२७) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **३४१,०२४** | **(३६,९५६)** | **(४०,३२७)** |
| **नगद प्रवाहमा खुद बृद्धि/(कमी)** | **(३,०५७)** | **१४,६८६** | **४०,२३१** |
| **वर्षको शुरुमा भएको नगद** | ३,३६७ | ३१० | १४,९९५ |
| **वर्षको अन्तिममा भएको नगद** | **३१०** | **१४,९९५** | **५५,२२६** |

## प्रक्षेपित स्व : पूजींमा भएको परिवर्तन

**आर्थिक वर्ष २०८१/८२** **हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **संचित लाभ/हानि** | **सामान्य रिर्जव** | **पूंजी रिर्जव** | **स्थगन कर रिर्जव** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८१.०४.०१ | १९६,७७१ | ११,६०५ | - | - | - | २०८,३७६ |
| यस वर्षको लाभ | | | (३२७) | | | (३२७) |
| जारी शेयर पूँजी | १८९,०५३ | | | | | १८९,०५३ |
| अघिल्लो वर्षको समायोजन | | | | | | - |
| लाभांश भुक्तानी | | | | | | - |
| **आ.व. २०८१/८२ को अन्तिम मौज्दात** | **३८५,८२४** | **११,६०५** | **(३२७)** | **-** | **-** | **३९७,१०२** |

**आर्थिक वर्ष २०८२/८३** **हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **संचित लाभ/हानि** | **सामान्य रिर्जव** | **पूंजी रिर्जव** | **स्थगन कर रिर्जव** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८२.०४.०१ | ३८५,८२४ | ११,६०५ | (३२७) | - | - | ३९७,१०२ |
| यस वर्षको लाभ | - | - | ३३,४५७ | - | - | ३३,४५७ |
| जारी शेयर पूँजी | - | - | - | - | - | - |
| अघिल्लो वर्षको समायोजन | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | - | - | - | - | - |
| **आ.व. २०८२/८३ को अन्तिम मौज्दात** | **३८५,८२४** | **११,६०५** | **३३,१३०** | **-** | **-** | **४३०,५५९** |

**आर्थिक वर्ष २०८३/८४** **हजारमा**

| **विवरण** | **शेयर पूँजी** | **संचित लाभ/हानि** | **सामान्य रिर्जव** | **पूंजी रिर्जव** | **स्थगन कर रिर्जव** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात २०८३.०४.०१ | ३८५,८२४ | ११,६०५ | ३३,१३० | - | - | ४३०,५५९ |
| यस वर्षको लाभ | - | - | ४२,०३२ | - | - | ४२,०३२ |
| जारी शेयर पूँजी | - | - | - | - | - | - |
| अघिल्लो वर्षको समायोजन | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | - | - | - | - | - |
| **आ.व. २०८३/८४ को अन्तिम मौज्दात** | **३८५,८२४** | **११,६०५** | **७५,१६२** | **-** | **-** | **४७२,५९१** |

प्रक्षेपित वित्तीय विवरण पिवाईसि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टस्ले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी बाट प्रमाणित पिवाईसि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टस् गरिएको छ।

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहायबमोजिम रहेको छ :**

१) कम्पनीले लक्ष्मी सन्राइज बैंक लिमिटेडको नेतृत्वमा भएको कन्सोर्टियम कोष सम्झौताबाट सबै ऋण लिनेछ र त्यस्तो ऋण कम्पनीले COD अघि नै पूर्ण रुपमा उपयोग गर्नेछ। कम्पनीले कन्सोर्टियममा उल्लेख भएबमोजिम ऋणको पूर्व भुक्तानी र चुक्ता उल्लेख भएबमोजिम नगर्ने अनुमान गरिएको छ।

२) कम्पनीले १८,९०,५३० कित्ता शेयर जारी गर्नेछ। शेयर निष्काशन खर्च रु.२६,७०,३८०/- लाग्ने प्रक्षेपण गरिएको छ।

३) प्रतिस्थापन मर्मत शुल्क कुल विद्युत राजस्वको ५% अनुमान गरिएको छ।

४) बीमा लागत कुल नेट स्थिर सम्पत्तिको ०.२५ प्रतिशत अनुमान गरिएको छ।

५) परियोजना सम्पत्तिको ह्रास Straight Line Basis मा ३० वर्षमा परिशोधन गरिएको छ।

६) अतिरिक्त कोष बैंक तथा वित्तीय संस्थाहरुमा अस्थायी रुपमा पार्क गरिनेछ र त्यस्ता BFIs मा राखिएको औसत मौज्दातमा वार्षिक ६% ब्याज प्राप्त हुने मानिन्छ। यस्तो ब्याज आम्दानीमा २५% कर निर्धारण गरिन्छ।

७) व्यवसायिक उत्पादन भएको १५ वर्षपछि सरकारलाई तिर्नुपर्ने रोयल्टीको दर बढाइनेछ।

८) एक महिनाको बिक्री राजस्व नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुने अन्य विविध प्राप्यहरुसँगै पुनः प्राप्त हुनेछ।

९) कम्पनीले विद्युत ऐनमा तोकिए बमोजिम मुनाफाको २ % दरले कर्मचारी बोनस दिनेछ।

१०) कम्पनीले आर्थिक वर्ष २०८६/८७ बाट कायम राखेको आम्दानीबाट लाभांश वितरण गर्न सक्नेछ।

११) कम्पनीद्वारा कुनै inventory राखिने छैन। कुनै पनि उपभोग्य वस्तु वा अन्य वस्तुहरु खरिद गर्दा नै खर्च लेखन गरिनेछ।

१२) आयकर ऐन, २०५८ अनुसार कर दायित्व मनिन्छ।

१३) कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग भएको सम्झौता बमोजिम Outage, Losses र Self Consumption गरेर जम्मा ५% नोक्सानको हिसाब गरी Contract Energy को हिसाब गरेकोले वित्तीय प्रक्षेपणमा समेत उक्त ५% Outage, Losses र Self Consumption मा नोक्सान हुने अनुमान गरिएको छ।

१४) प्रक्षेपित वित्तीय विवरण Going Concern आधारमा तयार गरिएको छ र Going Concern मूल्याङ्कन गर्न निम्न सर्तहरुलाई ध्यानमा राखिएको छ।

- कम्पनीको परियोजनाको विकासमा उल्लेख्य लगानी गरेको छ र इक्विटी थप र कन्सोर्टियम फाइनान्सिंग मार्फत परियोजना पूरा गर्न चाहन्छ।
- कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग ३० वर्षका लागि विद्युत खरिद सम्झौता गरेको छ र २०८२ आषाढ १५ देखि व्यावसायिक रुपमा सञ्चालन गर्ने योजना छ।
- व्यवस्थापनले विद्युत खरिद सम्झौता अनुसार व्यवसायमा निरन्तरता दिनेछ।

(१५) आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रमा आयमा समावेश भएको रकम रु १६,४५६ रहेको छ। उक्त आय रकम वित्तिय विवरणमा समेत अन्य आयमा समावेश रहेको छ। कम्पनीले वित्तिय विवरणहरु NFRS (Nepal Financial Reporting Standard) बमोजिम तयार पारेकोले IFRIC-12 को अनुपालना बमोजिम Construction Revenue less Construction Expenses रु ४३, ५५,४८९ रकम सिर्जना भएको छ। सिर्जित रकम आयकर ऐन २०५८ बमोजिम आय विवरणमा समावेश गर्न आवश्यक नरहेको।

**वित्तिय व्यवस्थापनको समयमा र हाल परिवर्तीत स्वीकृत प्रक्षेपित लगत बजेटको विवरण निम्न बमोजिम रहेको छ।**

| सि.न. | विवरण | हाल परिवर्तीत स्वीकृत प्रक्षेपित लगत बजेट | वित्तिय व्यवस्थापनको समयमा स्वीकृत प्रक्षेपित लगत बजेट | फरक रकम |
|---|---|---|---|---|
| १ | पूर्व संचालन खर्च | २८,४१०,००० | २८,०४०,००० | ३७०,०००.०० |
| २ | सिभिल निर्माण कार्य | ४४२,०२०,००० | ४११,३४९,००० | ३०,६७१,०००.०० |
| ३ | हाईड्रो मेकानिकल कार्य | १६८,११०,०००.०० | १३९,३४४,००० | २८,७६६,०००.०० |
| ४ | ईलेक्ट्रो मेकानिकल कार्य | १५६,४००,००० | १४३,१९६,००० | १३,२०४,०००.०० |
| ५ | ट्रान्समिसन लाईन कार्य | ४६,३६०,००० | ४१,२८६,००० | ५,०७४,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | पूर्वाधार विकास कार्य | - | २४,३२३,००० | (२४,३२३,०००.००) |
| ७ | क्याम्प निर्माण कार्य | - | ७,५२९,००० | (७,५२९,०००.००) |
| ८ | सवारी साधन कार्य | २,२००,००० | ५,९००,००० | (३,७००,०००.००) |
| ९ | जग्गा प्राप्ति | ५२,०००,००० | २०,६००,००० | ३१,४००,०००.०० |
| १० | वातावरणीय प्रभाव न्युनिकरण र सामाजिक प्रभाव न्युनिकरण | १५,३४०,००० | १५,३४३,००० | (३,०००.००) |
| ११ | आयोजना व्यवस्थापन, सूपरिवेक्षण तथा कन्सल्टेन्सी कार्य | ६०,४२०,००० | २३,६०५,००० | ३६,८१५,०००.०० |
| १२ | आयोजना निर्माणको अवधिमा गर्ने विमा | १,२५०,००० | ६,७४४,००० | (५,४९४,०००.००) |
| १३ | निर्माण अवधिको व्याज | १६३,४९०,००० | ६९,७४१,००० | ९३,७४९,०००.०० |
| | **जम्मा** | **१,१३६,०००,०००** | **९३७,०००,०००** | **१९९,०००,०००** |

१६. कम्पनीले प्रर्बद्वन गरेको आयोजनाले परिक्षण पश्च्यात मिति २०८२/०३/१५ बाट व्यापारिक उत्पादन थाल्ने अनुमान गरेको छ । कम्पनी र नेपाल विद्युत प्राधिकरण विच गठन भएको समन्वय समितिको बैठकको माईन्युटले आयोजनाको नयाँ (RCOD) मिति २०८१/११/१३ कायम गर्न सिफारिस गर्ने निर्णय गरेको छ । उक्त मितिमा आयोजनाको व्यापारिक उत्पादन सुरु हुन नसकेकाले कम्पनीले हासिल गरेका उपलब्धि र आयोजना प्राविधिकको सल्लाह बमोजिम संचालक समितिको बैठकको निर्णयले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (Expected Commercial Operation Date – COD) २०८२/०३/१५ गते कायम गरेको छ । विद्युत खरिद बिक्रि सम्बन्धि सम्झौता बमोजिम आयोजनाको RCOD को तुलनामा COD ६ महिना भित्र हुन गएमा मुल्यवृद्धिमा कुनै कटौती नहुने भएकोले तयार गरिएका वित्तिय विवरणहरुमा समेत मुल्यवृद्वि कटौती नहुनाले कुनै प्रभाव नरहने।

१७. लेखापरिक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तिय विवरण र प्रक्षेपित वित्तिय विवरण बमोजिम विभिन्न वित्तिय अनुपातहरु जस्तै आम्दानीमा बृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि/घटि लगाएतका विवरण तथा सोको कारणहरु समेत तुलानात्मक तालिकामा आ.व. सहित देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| विवरण | वास्तविक (रु.) | | | अपरिष्कृत | प्रक्षेपित (रु.) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | चैत्र मसान्त २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | कैफियत |
| Revenue from Sales of Electricity % | - | - | - | - | ∞ | १७२०% | ३% | |
| Changes in Current Assets% | ३७१.९% | -२०.७% | -४.०% | २०.३% | -९२.७% | २६५.२% | १२३.९% | |
| Changes in Fixed Assets% | -८७.४% | -५.८% | १६.९% | -१९.४% | ७३९४५.०% | -३.४% | -३.५% | |
| Changes in Total Assets% | २४३.२% | १६०.२% | २७.२% | १८.०% | -३.३% | -१.२% | ०.२०% | |
| Changes in Depreciation of the Assets% | २.३% | २४८.९% | ६८.०% | २०.२% | -५५.२% | १९९४.४% | -०.१२% | |
| Changes in Amortization% | ०% | ०% | ०% | ०% | -७९.९% | -२०.०% | -२०.०% | |
| Changes in Cost of Sales% | ०% | ०% | ०% | ०% | ∞ | १२८१% | -३% | |
| Changes in Capital WIP% | १७२.७% | ३६०.८% | ३२.१% | १६.०% | -१००.०% | ०.०% | ०.०% | |
| Changes in Admin Expenses% | ०% | ∞ | १०% | -४२% | ३२५% | ८८% | -४% | |

माथि टेबलमा उल्लेखित वित्तिय अनुपातहरुमा भएको परिवर्तन निम्न अनुसार व्याख्या गरिएको छ:

1. **Revenue from Sales of Electricity:** The company had no Sales of electricity revenue for the FY 2078/79, FY 2079/80, FY 2080/81 and at 31st Chaitra 2081. Company generated revenue from FY 2081/82 by Sales of Electricity which is indicated by the infinite growth % in the year. In the Year 2082/83, the revenue from sales of electricity increased by 1720%. In the FY 2083/84, revenue from Sales of Electricity increased slightly by 3%.
2. **Changes in Current Assets%:** Company has increased level of current assets for the year Fy 2078/79, FY 2082/83 & onwards, which shows that the company has good ability to meet short-term obligations. In the FY 2079/80, FY 2080/81 & 2081/82 company has decreased level of current assets, which shows that the company should manage properly to meet short-term obligations.
3. **Changes in Fixed Assets%:** In Overall, the company has decreased level of fixed assets except in the FY 2081/82. In FY 2081/82 the Fixed Assets increased by 73945.0% because of transfer of Project Capital Assets to Fixed Assets after commercial operation of the project.
4. **Changes in Total Assets%:** Changes in Total Asset increased from FY 2078/79 to FY 2081/82 due to capitalization of project construction cost. From FY 2081/82, Changes in total assets is likely stable which shows the strength of the Company to withstand financial difficulties.
5. **Changes in Depreciation of the Assets%:** Depreciation is gradually increasing from FY 2078/79 to FY 2080/81, decreases sharply by 55.2% on FY 2081/82. The 1994.4% increment in 2082/83 indicates total use of Project assets and afterwards depreciation on assets is likely stable.
6. **Changes in Amortization%:** Amortization of intangible assets remains constant for the FY 2078/79 to 31st Chaitra 2081. From FY 2081/82, there's decrement in amortization of the intangible assets.
7. **Changes in Cost of Sales%:** Cost of sales is in line with Sales Revenue. There is no cost of sales for the FY 2078/79 to 31st Chaitra 2081. In FY 2081/82, company has increased Cost of Sales and in FY 2083/84 company has decreased level of Cost of Sales which indicated optimization of company cost of sales.
8. **Changes in Capital WIP%:** Company has increased level of Capital WIP from FY 2078/79 to 31st Chaitra 2081 which indicates initial investment of fund in capital formation. By the end of FY 2081/82, cent percent decrement is noticed which is the effect of transfer of Project Capital Work In Progress to Fixed assets. This marks the transition from project development to commercial operational phase of the project owned by the company.
9. **Changes in Admin Expenses%:** Changes in Admin cost is zero in the FY 2078/79, then after in FY 2079/80 the company started to charged expenses which is shown by infinite increased in expenses. Company has 42% decrement in admin expenses for 31st Chaitra 2081. Company has increased level of admin expenses in the FY 2081/82 & 2082/83 and decreases slowly in FY 2083/84.

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीनबर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीनबर्षको प्रक्षेपित प्रति शेयर आम्दानी(EPS)तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहायबमोजिम रहेको छ।

| विवरण | वास्तविक (रु.) | | | अपरिष्कृत | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | चैत्र मसान्त २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| चुक्ता पूँजी (रु.हजारमा) | १५७,८००.०० | १९६,७७०.०० | १९६,७७१.०० | १९६,७७१.०० | ३८५,८२४.०० | ३८५,८२४.०० | ३८५,८२४.०० |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | (२५६.६१) | ८,६०७.८६ | ११,६०४.९१ | १२,४२२.०० | ११,२७८.३२ | ४४,७३५.०७ | ८६,७६७.२९ |
| **जम्मा नेटवर्थ (रु.हजारमा)** | **१५७,५४३.३९** | **२०५,३७७.८६** | **२०८,३७५.९१** | **२०९,१९३.००** | **३९७,१०२.३२** | **४३०,५५९.०७** | **४७२,५९१.२९** |
| शेयर संख्या (हजारमा) | १,५७८.०० | १,९६७.७० | १,९६७.७१ | १,९६७.७१ | ३,८५८.२४ | ३,८५८.२४ | ३,८५८.२४ |
| प्रति शेयर नेटवोर्थ (रु.हजारमा) | ९९.८४ | १०४.३७ | १०५.९० | १०६.३१ | १०२.९२ | १११.५९ | १२२.४९ |
| संचित नाफा/(नोक्सानी)(रु.हजारमा) | (२५६.६१) | ८,६०७.८६ | ११,६०४.९१ | १२,४२२.०० | ११,२७८.३२ | ४४,७३५.०७ | ८६,७६७.२९ |
| प्रति शेयर आम्दानी (रु.) | - | ४.५० | १.५२ | १.०५ | (०.०८) | ८.६७ | १०.८९ |
| प्रति शेयर चुक्तापूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | ०.०० | ०.०६ | ०.०१ | ०.०१ | ०.०० | ०.०८ | ०.१० |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** ०.०२ %

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१.सर्वसाधारणमा शेयर जारी गर्नु र कम्पनिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गराउनेः कम्पनीको प्रवन्ध-पत्रमा रहेको जारी पूँजीको ४८.९९९८% शेयर सर्वसाधारणमा विक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.१८,९०,५३,०००/-शेयर पूँजी बराबर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सर्वसाधारण नेपाली नागरिकहरु (बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, सामुहिक लगानी कोष तथा कर्मचारी समेत) लाई विक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु.३८,५८,२४,०००/-पुर्याउने र संस्थामा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य रहेको छ ।

२. स्थानीय बासिन्दाहरुका लागि लगानीको अवसर प्रदानः आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको शेयर धितोपत्र निष्काशन तथा विक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिने ।

३. पूँजी संकलन गर्नेः कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

४. कर्जा भुक्तानी र वित्तिय अवस्था सुधार गर्नेः निष्काशनबाट प्राप्त भएको रकम आयोजना निर्माण गर्न प्रयोग भएको बैंकबाट प्राप्त कर्जा भुक्तानी गरीनेछ जसले वित्तिय दायित्व कम गर्दै कम्पनीको वित्तिय अवस्था सुधार गर्नेछ ।

**ग.१०.ख धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग :**

**(क)निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

यस विवरण मार्फत सर्वसाधारण (स्थानीय बासिन्दाहरु समेत) मा निष्काशन गरिने रु.१०० अंकित दरका १८,९०,५३० कित्ता शेयर बराबरको रकम कम्पनीद्वारा प्रवर्द्धित ४.९५ मे.वा. जडित क्षमताको माथिल्लो पिलुवा खोला-३ जलविद्युत आयोजनामा देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ ।

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | *परियोजना निर्माणको लागि सार्वजनिक निष्कासन पश्चात् ऋण चुक्ता गर्छु भनी कम्पनीले बैंकबाट लिएको ऋण भुक्तानीको लागि | १४,९९,००,००० |
| २ | सिभिल निर्माण खर्च | २,५०,००,००० |
| ३ | हाईड्रो मेकानिकल कार्यको निर्माण खर्च भुक्तानी | १,००,००,००० |
| ४ | प्रशारण लाईनको निर्माण खर्च | ४१,५३,००० |
| | **जम्मा** | **१८,९०,५३,०००** |

आयोजनाको बाँकी निर्माण कार्यका लागि शेयरको प्रथामिक निश्कासनबाट रु ३,९१,५३,०००।- प्रयोग गरिनेछ साथै ठेकेदार कम्पनीहरुलाई कम्पनीले अग्रिम भुक्तानी गरेका रकमहरु काम सम्पन्न पश्च्यात आयोजनाको लागतमा पूँजिकृत गरिनेछ ।

कम्पनीले लिएको बैंक कर्जाको विवरण निम्न अनुसार रहेको छ ।

| कर्जा लिएको बैंकको नाम | लिएको कुल कर्जा रु | बैंकलाई तिर्न बाँकी कर्जा रु.( २०८१ चैत्र मसान्त) |
|---|---|---|
| लक्ष्मी सनराईज बैंक लि. | ४८९,४००,०००.०० | ४८९,४००,०००.०० |
| हिमालयन बैंक लि. | २५०,३७७,०००.०० | २५०,३७७,०००.०० |
| **जम्मा** | **७३९,७७७,०००.००** | **७३९,७७७,०००.००** |

* परियोजना निर्माणको लागि सार्वजनिक निष्कासन पश्चात् ऋण चुक्ता गर्छु भनी कम्पनीले बैंकबाट लिएको रु १४,९९,००,००० ऋण छोटो अवधिमा वर्गिकरण गरिएकोले माथिको बैंक कर्जाको विवरणमा उक्त रकम समावेश नगरिएको ।

**कम्पनीका** सिभिल निर्माण, हाइड्रोमेकानिकल निर्माण तथा प्रशारण लाईन निर्माण कार्यका लागि ठेकेदार निम्न बमोजिम रहेका छन्:

| क्र.सं. | विवरण | निर्माण ठेकेदार |
|---|---|---|
| १ | सिभिल निर्माण कार्य | Growth/PES JV |
| २ | हाइड्रोमेकानिकल निर्माण कार्य | Precise Hydro Enginerring and Construction Pvt. Ltd. |
| ३ | प्रशारण लाईनको निर्माण कार्य | U.B. Construction |

नोटः धितोपत्र निष्कासनबाट प्राप्त हुने पूजिँ रकमको भुक्तानी माथि तालिकामा उल्लेखित यस कम्पनीसँग आपसी सम्बन्ध नभएका व्यक्तिहरु (Non Related Party) लाई भुक्तानी गरिने छ ।

मिति २०८०।०४।२९ मा बसेको संचालक समितिको बैठकबाट पारित भएको धितोपत्र निष्काशनबाट प्राप्त पूँजी उपयोगितामा हाल समय अनुकुल परिवर्तन आएको हुनाले मिति २०८२।०२।०१ बसेको संचालक समितिबाट पुनः धितोपत्र निष्काशनबाट प्राप्त पूँजी उपयोग गर्ने निर्णय गरियो ।

**(ख) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा विक्री हुने कम्पनीको धारणा रहेको छ ।

निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा संस्थापक शेयरधनीलाई प्रचलित कानून बमोजिम खरिदको लीग आह्बान गरिनेछ । यदि संस्थापक शेयरधनीले पनि सो शेयर खरिद नगरेको खण्डमा प्रत्याभूतीकर्ता एनआइएमबि एस क्यापिटल लिमिटेडले सो शेयर खरिद गर्नेछ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः**

यस कम्पनीले विकास गरेको अपर पिलुवा खाला-३ जलविद्युत आयोजना-४.९५ मे.वा. प्रदेश-१ को संखुवासभा जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको र हालसम्म करिब ९७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

**आयोजनाको चैत्र ३१, २०८१ सम्मको खर्चको विवरण देहाय बमोजिम रहेको छ :**

| सि.न. | विवरण | खर्च भएको रकम रु हजारमा | अग्रिम भुक्तानी गरीएको रकम रु हजारमा | जम्मा रकम रु हजारमा |
|---|---|---|---|---|
| १. | आधारभूत निर्माण कार्य | २८,४११ | | २८,४११ |
| २. | सिभिल कार्यहरु | ३९८,०३० | ७९,९४२ | ४७७,९७२ |
| ३. | हाइड्रो मेकानिकल कार्य | १४०,६६९ | १४,०७५ | १५४,७४५ |
| ४. | इलेक्ट्रोमेकानिकल कार्य | १५७,२२६ | | १५७,२२६ |
| ५. | ट्रान्समिसन लाइन | ३१,२४७ | २,०९५ | ३३,३४३ |
| ६. | जग्गा प्राप्ति | ३३,१२२ | | ३३,१२२ |
| ७. | वातावरण तथा सामाजिक उत्तरदायित्व | ११,१७५ | | ११,१७५ |
| ८. | सवारी साधन | ५,९०० | | ५,९०० |
| ९. | व्यवस्थापन खर्च | ५४,६६० | ९,६४६ | ६४,३०६ |
| १०. | आयोजना बिमा | ६३४ | | ६३४ |

सिभिल संरचना, हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल र प्रशारण लाईनको गरी समग्रमा ३% काम सम्पन्न गर्न बाँकी छ । उक्त बाँकी निर्माण कार्यको लागि सिभिल कार्यहरु, हाइड्रो मेकानिकल कार्य, ट्रान्समिसन लाइन कार्यको लागि अग्रिम भुक्तानी गरिएको छ र थप अनुमानित लागत रु. १.८० करोड थप लाग्ने अनुमान गरिएको छ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मितिः**

**आयोजना सम्पन्न हुने मिति** : २०८२।०३।०१
**परिक्षण उत्पादन शुरु हुने मितिः** २०८२।०३।०१
**पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मिति** :२०८२।०३।१५

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरुः**

इलेक्ट्रो मेकानिकल सम्वन्धी कार्य सम्पन्न गर्नको लागि B Fouress Private Limited, Banglore India सँग भा.रु. ९४,०००,००५।- (भन्सार, आयात शुल्क र भ्याट बाहेक) मा सम्पन्न गर्ने गरि सम्झौता गरेको छ ।

| विवरण | मूल्य वा प्रस्तावित मूल्य (भ्याट बाहेक) | सप्लायरको नाम | सप्लायरसंगको सम्झौताको मुख्य बुँदा |
|---|---|---|---|
| १ | भा.रु. ९४,०००,००५।- | B Fouress Private Limited, Banglore India | Contract Agreement Date: 30th July 2021<br>Contractor Appointment for the Design, engineering, manufacture, test, supply on CIP basis up to Project site at Madi and Chainpur Municipality, Sankhuwasabha, Nepal, Installation of equipment, on site testing and commissioning of Electro-mechanical Equipments of 2 X 2475kW |

**च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरणः** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता नेपालका देशबासीहरु रहेका छन्, जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र कम्पनीको विद्युत उत्पादन क्षमता ४.९५ मेगावाट रहेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोतः** मादि र चैनपुर नगरपालिका, संखुवासभा जिल्ला भई बग्ने पिलुवाखोला र सिखुवाखोलाको पानी ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** पिलुवाखोला र सिखुवाखोला जलविद्युत आयोजना ४.९५ मे.वा.को लागी ५.०२ घ.मि.प्रति सेकेण्ड पानी आवश्यक रहेको छ ।

**(ञ)सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक - रु.१,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) - निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. ७,५६,२१६/-

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।

(उ) लेखापरिक्षकको शुल्क–प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.५६,५००/–भुक्तानी गरिनेछ ।

(ऊ) रेटिङ्ग शुल्क–रु.१५०,०००/-

(ऋ) विद्युत नियमन आयोगबाट स्वीकृतिको लागि सेवा शुल्क-रु.२५०,०००/–

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्तहुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ताहरु वीच भएको प्रत्याभूती सम्बन्धि सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतीकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ ।

आस्वा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा दफा २९ को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ । उपरोक्त व्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्वन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्कासन गरिने साधारण शेयरको बाँडफाँड पश्चात धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर नेपाल

स्टक एक्सचेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद विक्रीको व्यवस्था मिलाइने छ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः .**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | नाम, ठेगाना | संख्या | रकम |
|---|---|---|---|
| १ | एनआइएमबि एस क्यापिटल लिमिटेड, काठमाडौं | १८,९०,५३० | १८,९०,५३,००० |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

- यस कम्पनीले सर्बसाधारणमा निष्काशन गर्न लागेको रु. १००/- अंकित दरका १८,९०,५३० कित्ता शेयरको जम्मा मुल्य रु.१८,९०,५३,०००/- को लागि प्रत्याभुति व्यवस्थापनको कार्य श्री एनआइएमबि एस क्यापिटल लिमिटेडलाई प्रत्याभूतिकर्ताको रुपमा नियुक्त गरेको छ ।
- १८,९०,५३० कित्ता शेयरको प्रत्याभुति शुल्क वापत जम्मा रु.७,५६,२१६/— सेवा शुल्क प्रदान गर्न कम्पनी मञ्जुर गर्दछ।
- यदि सर्बसाधारणबाट निष्काशित सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त नभएमा कम्पनीले माग गरेको बखत प्रत्याभूतिकर्ताले प्रत्याभूति गरिएको शेयर वापतको रकम भुक्तान गर्नेछ । साथै कम्पनीले शेयर बापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नेछ ।
- सर्वसाधारणमा शेयर बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुने छ ।
- यस सम्झौताको समयावधि सम्झौता भएको मिति २०८२।०६।२३ सम्म कायम रहनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरण-पत्र अनुसार निष्कासन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको कर्पोरेट कार्यालय,ललितपुर वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, कमल पोखरीमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ५१.०००२% शेयर

संस्थापक शेयरधनी तथा ४८.९९९८% सर्वसाधारणहरु मध्ये १०% प्रतिशत आयोजना प्रभावित क्षेत्रका र ३८.९९९८% सर्वसाधारणहरु (कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुंदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । आयोजना प्रभावित क्षेत्रका कर्मचारीले यसरी कर्मचारीको हैसियतले आबेदन दिएमा त्यस्तो आबेदन रद्द हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बँसाईसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१४. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हुनु पर्नेछ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय(Dormant) रहेको हुनु हुदैन।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

१२. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन्।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुंदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :
संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्तिले कम्पनीको नियमित व्यवस्थापन कार्यमा संलग्न भए बापत मासिक रुपमा पारिश्रमिक लिएको विवरण निम्न बमोजिम रहेको छ:

| कार्यकारी अधिकृत वा संचालक | तलब रकम रु | |
|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०७९/८० |
| राजेश लाल श्रेष्ठ | ३,९०,०००।- | ३,९०,०००।- |

(ख) आधारभुत शेयरधनी : आधारभूत शेयरधनी सम्बन्धित पक्ष बीचको कारोबार नभएको।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन।

## ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको।

## ग.१३. सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको।

**(ख) बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको।

## ग.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको।

ग.१५. <u>परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरणः</u>

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षक एस लामा एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्ट्स बाट भएको हो । कम्पनीको साधारणसभाले कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षक के.सी.सापकोटा एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्ट्सलाई नियुक्त गरेको छ ।

आ)यस निष्कासनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | बैंक खाता नं. |
|---|---|---|
| श्री लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं | LS CAPITAL LIMITED_MABILUNG ENERGY | ००५३४०१२२७० |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी पिवाईसि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्थाले प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको **।**

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी रु १९,६७,७१,०००।- र तल उल्लेखित बैंक तथा वित्तीय संस्थाहरुको सहवित्तियकरणबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु संचालन भैरहेको छ ।

| क्र. सं | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा सीमा रु | २०८१ चैत्र मसान्तसम्म उपभोग गरेको कर्जा रकम रु | कर्जाको भुक्तानी अवधि (वर्ष) | किस्ता भुक्तानीको तरिका | हालको व्याजदर | भुक्तानी अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी सनराइज बैंक लि. | ४८,४९,००,०००.०० | ४८,९४,००,०००.०० | १६ वर्ष | त्रैमासिक | १२.४० % | आयोजनाले व्यवसायिक उत्पादन शुरु गरेको तीन महिनाको मितिले १२ (बाह्र) वर्ष रहेको । |
| २. | हिमालयन बै.क लि. | २६,५२,७६,०००.०० | २५,०३,७७,०००.०० | १६ वर्ष | त्रैमासिक | १२.४० % | |
| **जम्मा** | | **७५,०१,७६,०००.००** | **७३,९७,७७,०००.००** | | | | |

आयोजनाको सहवित्तीयकरण (कन्सर्टियम) अर्न्तगत लक्ष्मी सनराइज बैंक लि. बाट स्वीकृत कर्जा सीमा रु ३९,९९,००,०००।-मात्र रहेको र निर्धारित समयमा आयोजनाको निर्माणको लागि आवश्यक रकम शेयरको सार्वजनिक निष्कासनबाट उपभोग गर्न नसकिएकाले मिति २०८१/०१/१२ गते बसेको कन्सर्टियम बैठकले आयोजनाको भौतिक निर्माण प्रगती उल्लेख्य (७५%) भएको र शेयरको सार्वजनिक निष्कासनको लागि निबेदनमाथि काम कारबाहि भईरहेको अवस्थामा आयोजना निर्माणमा पूँजि स्रोतका कारण कुनै ढिला नहोस भनी ऋण रकम रु १५,००,००,०००।- थप स्वीकृत भएको ।

**<u>कम्पनी र बैंक बिच भएको Credit Facilities Agreement र तत्पश्च्यात बैंकसँग विभिन्न समयमा भएका संसोधन सहितका मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :</u>**

| | |
|---|---|
| **Borrower Company** | Mabilung Energy Ltd. |
| **Project** | Upper Piluwa-3, Hydropower Project 4.95 MW located at Madi and Chainpur Municipalities of Sankhuwasabha district, Province-1 |

| | |
|---|---|
| **Capital Structure** | Total Project Cost including IDC NPR 113.60 Crore<br>Equity NPR 38.58 Crore<br>Long Term Loan NPR 65.59 Crore |
| **Interest Rate** | The rate of interest on the Term Loan shall be Weighted Average Base Rate (WABR) of the member banks of the consortium plus Risk Premiumof 1.5% |
| **Interest Capitalization and Payment** | Interest during construction period before actual commercial operation date shall be capitalized on quarterly basis at the end of Ashadh, Ashwin,Poush and Chaitra of Nepali calendar. |
| **Repayment** | The Term Loan shall be repayable in Forty-Eight (48) Quarterly Installments. |
| **Bridge Gap Loan Facility** | A revolving facility of up to NPR 7.5 Crore (within total Consortium Term Loan) shall be made available to the borrower by Lead Bank and/or member banks assigned by the Lead Bank for financing the billsfor the maximum period of 180 days at a time. |
| **Revenue Trapping** | Borrower has to route all payments from NEA to Mabilung Energy Limited on account of Upper Piluwa Khola-3 Hydropower Project 4.95 MW as per the Power Purchase Agreement through the revenue account maintained with the Lead Bank. The fund in the revenue escrow account shall be applied in preferential order as stated by bank. |
| **Collateral Security Arrangement** | Project Company/Borrower shall provide following collateral as securityto the Lenders, which shall be assigned to Lenders on pari-passu basisproportionate to their exposure and will remain in force until the full settlement of entire loan:<br>• 1st legal charge by way of registered mortgage & or registered or unregistered pledge/hypothecated over the entire present and future fixed/current assets created with or without financing owned by the borrower on pari-passu basis in favor of Consortium of Banks.<br>• 1st Charge over entire current assets of the project includingreceivables from Nepal Electricity Authority, Compensation/incentive paid to the borrower etc. on pari-passu basis in favor of Consortium of Banks, providing working capital loanto the project.<br>• Assignment of PPA signed between NEA and the Borrowerfor supply and delivery of energy produced by the Borrowerfrom it's project.<br>• Assignment of Power Generation License of the Borrower in favor of consortium of Banks.<br>• Pledge of entire shares owned by the promoters, who shallprovide personal guarantee, in favor of Consortium of Banks.<br>• Assignment of all project guarantees.<br>• Promissory Note and Loan Deed for total consortium loan exposures.<br>• Personal Guarantee of all the board of directors (BOD members) and promoters of Mabilung Energy Ltd. |
| **Front end Equity Injection** | The equity investment shall be in 30% of total project cost of which, 42% of total equity (except IPO) or 12.6% of total project cost will be as upfront equity and remaining will be in each payment during the progress of the project. Equity injection needs to be duly verified by the appointed Technical and Chartered Accountant/Financial Consultant/Lender's Engineer. |
| **Insurance** | It shall be the obligations of the borrower to insure all the assets of the borrowing company.<br>**I. Under Construction Phase**<br>a. All its hydro mechanical, electro mechanical equipment and other equipment under Marine cum Erection Policy includingthe risks of |

| | |
|---|---|
| | any other description as appropriate.<br>b. All its civil construction under Contractor's All Risk Policy including the risks of any other description as appropriate.<br><br>**II. Under Post Construction Phase**<br>a. All assets forming part of the security against fire, riot, strike, malicious damage, terrorism (RSMDT), all natural perils including earthquake shock, flood, landslide, burglary, machinery break down and consequential loss (loss of profit/revenue) for at least six months including the risks of any other description as appropriate.<br>The Borrower shall take insurance to cover general third party liability.<br>Any change in the Insurance Policy shall be incorporated withprior permission of the Consortium Banks or of the Lead Bankon behalf of the Consortium of Banks. |
| **Letters of Credit (LC) andBank Guarantee** | The Letters of Credit (LC) Facility of NPR 30 Crore within total consortium Term Loan will be provided to the Borrower.<br><br>Purpose of LC Facility shall be for the import of the equipments and other required items (construction materials/supplies e.t.c.) for theproject. The LC facility shall be terminated upon payment against the documents under the LC through Bridge Gap Loan/Term Loan facility. The associated bank commission and risk under the LC shall be shared amongst the Consortium Banks on proportionate basis of Term Loan.<br><br>Commission and cash margin for LC will be 0.12% p.q. and 5%respectively. |
| **Bank Guarantee Facility** | Guarantee Facility of NPR 0.297 Crore shall be provided for issuing performance bond to Nepal Electricity Authority for Power Purchase Agreement and other project requirement. Such Guarantee shall be issued by the Lead Bank.<br><br>Commission and cash margin for Bank Guarantee will be 0.325% p.q. and 5% respectively. |
| **Loan Processing Fee** | A loan processing fee of 0.75% of approved total Term Loan and Working Capital Loan shall be levied. Out of the fees pertaining to TermLoan, 30% will be the share of Lead Bank and balance 70% shall be shared amongst all participating banks including the Lead Bank on pro- rata basis of their participation in the Term Loan. Fee on Working Capital Loan will be charged by Lead Bank only.<br>These fees shall become due for payment upon signing of Facility/Syndicated Credit Facility Agreement. |
| **Agency Fee** | 0.25% of total Consortium Loan outstanding of each fiscal year or NPR 2,00,000 whichever is higher shall be charged by the Lead Bank only till the tenure of the loan. |

हरेक वर्षको कर्जा र व्याज भुक्तानी हुने तालिका निम्नानुसार रहने छ।

**रकम रु हजारमा**

| **बर्ष** | **व्याज** | **सावाँ रकमको चुक्ता** | **सावाँ रकममा वृद्धि** | **बाँकि अन्तिम रकम** |
|---|---|---|---|---|
| २०८०–८१ | १९,२९३ | ७,०१८ | | ६४८,८८२ |
| २०८१–८२ | ६२,८७० | ४१,३५० | १३९,३०० | ७४६,८३२ |

| | | | | |
|---|---|---|---|---|
| २०८२-८३ | ६३,९६४ | ४८,७१२ | | ६९८,१२० |
| २०८३-८४ | ५९,४८८ | ५३,१८९ | | ६४४,९३१ |
| २०८४-८५ | ५४,६०० | ५८,०७७ | | ५८६,८५४ |
| २०८५-८६ | ४९,२६२ | ६३,४१४ | | ५२३,४४० |
| २०८६-८७ | ४३,४३४ | ६९,२४२ | | ४५४,१९७ |
| २०८७-८८ | ३७,०७१ | ७५,६०६ | | ३७८,५९१ |
| २०८८-८९ | ३०,१२२ | ८२,५५४ | | २९६,०३७ |
| २०८९-९० | २२,५३६ | ९०,१४१ | | २०५,८९६ |
| २०९०-९१ | १४,२५१ | ९८,४२५ | | १०७,४७१ |
| २०९१-९२ | ५,२०६ | १०७,४७१ | | - |

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरुः सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका हिमांशु महर्जनलाई ०१-५९७००६४ मा सम्पर्क गर्न सकिनेछ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि पिवाईसि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्थाले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| **सि.नं.** | **परिवर्तन भएको लेखापरीक्षकको नाम** | **परिवर्तन भएको कारण** | **राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति** |
|---|---|---|---|
| १. | एल.पि.ब्रुलाकोटी एण्ड एशोशिएटस् | बहाल अवधि समाप्त | २०७७.०५.०१ |
| २. | एस. लामा एण्ड एसोसिएट्स | बहाल अवधि समाप्त | २०८१.०३.३१ |
| ३. | के.सी.सापकोटा एण्ड एसोसिएट्स | बहाल रहेको | - |
| | | | |
| **सि.नं.** | **परिवर्तन भएको संचालकको नाम** | **परिवर्तन भएको कारण** | **राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति** |
| १. | डेबिन श्रेष्ठ | कार्य व्यस्तता | २०८०।१०।०३ |
| २. | सुनिता प्रधानाङ्ग (ट्रष्ट इर्नेजी लिमिटेडको प्रतिनिधि) | कार्य व्यस्तता | २०८०।१०।०३ |

| | | | |
|---|---|---|---|
| २. | राजेश लाल श्रेष्ठ | कार्य व्यस्तता | २०८१।१२।०५ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नाम : सजल मास्के
ठेगाना : बानेश्वर, काठमाडौं
योग्यता: व्यवस्थापनमा स्नातक

**(घ) सार्वजनिक निष्काशन  गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७९/१२/२९ गते बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको १८,९०,५३० कित्ता साधारण शेयर मध्ये ३,८५,८२४ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) र १५,०४,७०६ कित्ता  सर्वसाधारणका लागि शेयर निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं लाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, ललितपुर ।
२. कम्पनीको website: www.mabilung.com
३. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत निष्कासन गरिने १८,९०,५३० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुका लागि ३,८५,८२४ कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्कासन गरिएको छ । यस विवरण-पत्र मार्फत आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुका निष्कासन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ । साथै सो सर्वसाधारणलाई निष्काशन गर्ने शेयरको २% शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ ,१०% वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि र ५% शेयरहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ ।। कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ।  सामूहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा विक्री प्रबन्धकले सङ्कलन केन्द्रको आवश्यक व्यवस्था गरी आवेदन फारम, विवरणपत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ । सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यबस्था :**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ जुलाई ०१ गते "[ICRANP-IR] B+" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (High risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा - (घटाउ) चिन्हलेसम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक अवस्थालाई जनाउँदछ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/०७/०१ (२०८२।०३।१७)
क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/०६/२६ (२०८३।०३।१२)

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा १० बर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षसम्म ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) **आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको** : यस कम्पनी मिति २०७६/११/१२ गते लिमिटेड कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार सञ्चालन गर्न इजाजत पत्र प्राप्त गरेको हो ।

(२) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०८१/०९/०४ गते सम्पन्न वार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको श्री एस.लामा एण्ड एशोशिएटस् लाई आ.व. २०८१/८२ को लागि लेखापरीक्षकमा नियुक्त गरिएको ।

(३) **आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** यस कम्पनीले विद्युत विकास विभागबाट मिति २०७७।०४।०९ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र र मिति २०७९।०६।०६ गतेको निर्णय अनुसार संशोधित अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको** :कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरी निर्माण कार्य ९७ प्रतिशत सम्पन्न गरिसकेको छ । यस अर्न्तगत संस्थाको लागि आवश्यक पर्ने

जग्गा खरिद, पावरहाउस निर्माण, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य रहेका छन् ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्ट आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा भइसकेको :** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको ।

(६) **धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको :** कम्पनीको प्रवन्धपत्रमा उल्लेख भइ अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि निष्कासन तथा विक्री प्रवन्धक श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडसँग सम्झौता गरिएको छ ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) **संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुले आफुले लिन कबुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको ।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको :** :यस कम्पनीले निर्माण गर्दै आइरहेको आयोजना निर्माणका लागि लक्ष्मी बैंक लिमिटेडको अगुवाईमा मिति २०७७/११/१० गतेका दिन ऋण सम्झौता भइसकेको छ ।

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५।१२।१२ मा विद्युत खरिद बिक्रि सम्झौता गरिसकेको ।

(११) **सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम श्री एनआइएमबि एस क्यापिटल लिमिटेडद्वारा प्रत्याभुति गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकोलागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन मात्र हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँट पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरीदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | होम बहादुर श्रेष्ठ ( एसियन लाईफ इन्स्योरेन्स कम्पनी लि.को प्रतिनिधि) | अध्यक्ष | |
| २. | आँचल मास्के | संचालक | |
| ३. | शिव राज भण्डारी (गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेडको प्रतिनिधि) | संचालक | |

## २४. निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

L S CAPITAL

लक्ष्मी सनराइज क्यापिटल लिमिटेड

A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank

Ref. No. 2041 K/81/82

मिति : २०८२/०२/२०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बागमती अञ्चल, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका मा रजिष्टर्ड कार्यालय रहेको माबिलुङ्ग इनर्जी लिमिटेडले अंकित मूल्य १००/– साधारण शेयर सर्वसाधारणको लागि १८,९०,५३० कित्ता सार्वजनिक निष्कासन शेयरहरु जारी गर्ने निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौ । सार्वजनिक निष्काशन शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक सार्वजनिक निष्काशन शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौ ।

१. कम्पनीको प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एकप्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्कशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धक :**

लक्ष्मी सनराइज क्यापिटल लिमिटेडको तर्फबाट
नाम : विजय लाल श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

PIONEER IN MERCHANT BANKING

Licensed by Securities Board of Nepal Issue Management | Share Registrar | Share Underwriting | Portfolio Management | Depository Participant | Fund Manager | Advisory | SII

Corporate Office: P.O. Box: 8449, New Baneshwor, Kathmandu, Nepal
Tel: 977-1-5970064 | E-mail: info@lscapital.com.np | Website: www.lscapital.com.np

२५.    विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


# S. Lama & Associates
**Chartered Accountants**

**H. No. 270, Samakhusi-26,**
**Town Planning, Kathmandu**
**Email: slama.associates@gmail.com**
**suprich.lama@gmail.com**


## INDEPENDENT AUDITOR'S REPORT

To the Shareholders,
Mabilung Energy Ltd
Kathmandu Nepal

### Report on the Audit of the Financial Statements

**Opinion**
We have audited the financial statements of Mabilung Energy Ltd, which comprise the Statement of Financial Position as at Ashadh 31st, 2081, and the Statement of Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.
In our opinion, the accompanying financial statements present fairly, in all material respects, *give a true and fair view of* the financial position of the Company as at Ashadh 31, 2081, and *of* its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**
We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the Financial Statements* section of our report. We are independent of the Company in accordance with the ICAN's *Handbook of Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of The Code of Ethics For Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**
Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

**Other**
Management is responsible for the other information. The other information comprises the information included in the "Annual Report", but does not include the financial statements and our auditor's report thereon. Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information, and in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information; we are required to report that fact. We have nothing to report in this regard.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements.**
Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

S. Lama & Associates Kathmandu

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists.
Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.
As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the consolidated financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the company to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision and performance of the company audit. We remain solely responsible for our audit opinion.
- We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

**Report on Other Legal and Regulatory Requirements**
As per the requirements of Section 115 of the Companies Act, 2063 (First Amendment 2074), we further report that:

a) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
b) In our opinion the Company has kept proper books of account as required by law so far, as appears from our examinations of those Books.
c) The financial statements are in agreement with the books of account.

S Lama & Associates
Kathmandu

d) In our opinion and to the best of our information and according to the explanation given to us, the financial statement the said Balance Sheet, Income Statement and Cash Flow Statement, read together with the notes forming part of the accounts give the information required by the Companies Act 2063 (First Amendment 2074) in the manner so required and give a true and fair view:

    i. In the case of Balance Sheet, of the state of affairs of the Company as at 31st Ashadh, 2081; and
    ii. In the case of Income Statement, of the results of operations of the Company for the year ended on 31st Ashadh, 2081 and
    iii. In the case of the Cash Flow Statement, of Cash inflow and outflow of Company for the year ended on that date.

e) Neither we have come across any of the information about the misappropriation of fund by the directors or any of the representative or company's staffs during the course of our audit nor have we received any such information from the management.

f) No accounting fraud has been observed during the course of our audit.

Place: Kathmandu

Date: 2081.07.11

For S. Lama & Associates
Chartered Accountants

Signature

Name of Member: Suprich Lama
Designation: Proprietor
Membership No: 647
UDIN No: 241126CA00647GGjGt

Regd. with The Institute of Chartered Accountants of Nepal : 56
PYC & ASSOCIATES
Chartered Accountants

A member firm of
ECOVIS®

Ref No: 079/2081/082

Date: 2082/02/19

To,
Mabilung Energy Ltd.,
Lalitpur, Nepal

We have examined the projection of Upper Piluwakhola- Hydropower Project of Mabilung Engergy Limited for the period from FY 2081-82 to FY 2090-91 as given in Notes 8.2 "Financial information segment of Projected Financial Statements" in accordance with Nepal Standard on Assurance Engagement - NSAE 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumptions, set out in note 8.1 to the prospective financial information, is the responsibility of the Management. Our responsibility is to examine the evidence supporting the assumptions and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared for the purpose of issuing public shares. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions as set out in Notes 8.1 to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**This report is issued, after revision of certain assumption made by management, in replacement of earlier report issued on 2082.02.04.**

PYC & Associates Kathmandu Nepal Chartered Accountants

............................
Yuddha Raj Oli, FCA
Partner

UDIN No: 250606CA00185293AY

G.P.O.Box: 12437, New Plaza, Putalisadak, Kathmandu, Nepal
Phone.: 4531951, 4529996, Fax: 00977-1-4436537, Email: info@capyc.com.np